नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६९ माघ पूर्णिमा/मिला पुन्हि
वर्ष ४० अंक १०

बु.सं. २५५६
ने.सं. ११३३

The Ananda Bhoomi (Year 40, Vol. 11)
A Buddhist Monthly : Jan./Feb 2012

*प्रमुख सल्लाहकारः*
**भिक्षु मैत्री महास्थविर** (प्रमुख, आ. कु. वि.)

*सल्लाहकार :* **भिक्षु धर्ममूर्ति** (कार्यवाहक प्रमुख, आ.कु.वि.)

*व्यवस्थापक :* **भिक्षु अस्सजि,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण तथा अर्थ :* **भिक्षु पियदस्सी**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापनः* **सुरेश महर्जन**, स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी*
**भिक्षु वजिरञाण**, बुद्धविहार भृकुटीमण्डप

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य (बुटवल), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरुङ्ग (लमजुङ्) ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, ललितपुर, फोनः २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**न चाहु न च भविस्सति - न तेतरहि जिज्जति ।**

**एकन्तं निन्दितो पोसो - एकन्तं वा पसंसितो ।।**

***अर्थात् : बिलकुल निन्दित या बिलकुल प्रशंसित मानिस न उहिले थियो न कहिल्यै होला, न त आजकल नै हुन्छ ।***

न्ह्याबलें प्रशंसा हे जक याकाच्वंम्ह, न्ह्याबलें निन्दा हे जक याकाच्वंम्ह मनू न्हापा दुगु नं मखु, आः दुगु नं मखुसा लिपा नं गुबलें दइगु मखु ।

There never was, there never will be, nor is there now, a person who is wholly blamed or wholly praised.

**- धम्मपद, २२८**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com, kondanya@soon.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

**वार्षिक रू. १५०/- एकप्रति रू. २०/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

सम्पादकीय

# कपिलवस्तुसम्बन्धी भारतीयपक्षबाट पुनः भ्रामक प्रचार



बुद्धको जन्मभूमि लुम्बिनी, नेपाल भनी सन् १९९७ मा युनेस्को, संयुक्त राष्ट्र संघले स्पष्ट रूपमैं विश्वसम्पदा सूचीमा सूचीकृत गरिसकेपछि मित्रराष्ट्र भारतीय पक्षबाट लुम्बिनीबारेमा विवाद र भ्रम अन्त्य भएको देखिन्छ, यद्यपि यदाकदा प्रकारान्तरले जन्मस्थल बारेमा विवादजन्य कुराहरू छापामा देखिनुमा अझै पूर्णविराम लागेको छैन । विश्वज्योति शान्तिनायक बुद्धधर्मका प्रतिपादक तथागत बुद्धसम्बन्धी विवादास्पद चर्चा परिचर्चा, भूठो भ्रमपूर्ण खेती यदाकदा भइरहेकै हुन्छ, विवाद उठाउनेहरू सल्बलाइरहेकै हुन्छन् । हालसालै प्राचीन कपिलवस्तु बारे मित्रराष्ट भारतीय पक्षबाट विगतमाझैं विवादास्पद भ्रामक प्रचारलाई प्रकारान्तरले बल्झाउने कार्य जसरी गरेका छन्, त्यसप्रति सम्पूर्ण नेपालीहरूको भावनामा ठेस पुऱ्याउने कार्य भएको छ । अस्ति माघ ३ गते लुम्बिनी परिसरमैं भारतीय राजदूतावासले संस्कृति, पर्यटन मन्त्रालय र नेपाल पर्यटन बोर्डसँग मिलेर आयोजना गरेको “Nepal India Tourism Mart” मा भारतीय पक्षले प्राचीन कपिलवस्तु पिप्रहवा भएको दावीसहित प्रचार सामग्री बाँडिएको खबरले नेपालीपक्षको ध्यानाकर्षण हुनु अत्यन्त स्वाभाविक कुरा हुन् । नेपाल सरकारको प्रतिनिधि पर्यटन तथा संस्कृति मन्त्री पोष्टबहादुर बोगटी, भारतीय राजदूत जयन्त प्रसाद, पर्यटन सचिव सुशील घिमिरेलगायत सहभागी कार्यक्रममैं भारतको उत्तर प्रदेश पर्यटन (Directorate of Tourism, U.P. ले “The Path” नामक पुस्तकमा "The Buddha's father was King Suddhona, the leader of Shakya clan, whose capital was Kapilvastu, uttar Pradesh." (तिनै बुद्धका पिता सुद्धोदन जो शाक्यवंशका नेता थिए । उनको राज्य कपिलवस्तु राजधानी भारतको उत्तर प्रदेश -) उल्लेख गरिएको, भ्रामक सामग्री वितरण गर्दा समेत सम्बन्धित निकायले मौनता साँधेर बस्नु विडम्बनाको विषय हो, समयमैं रचनात्मक कदम उठाउनु हितकर हुनेछ ।

विभिन्न पुरातत्त्वविद्हरूले खोज, अध्ययन-अनुसन्धान, उत्खननबाट वर्तमान तिलौराकोट नै प्राचीन कपिलवस्तु हो भन्ने किटान गरिसकेको अवस्थामा लुम्बिनी र तिलौराकोट सडकको बीचमा पर्ने पकडीदेखि ८ किमि दक्षित भारतको सिद्धार्थ नगर जिल्लास्थित पिप्रहवालाई भारतीयपक्षले पछिल्लोपटक जोडतोडका साथ दावी गर्न थालेका छन् । वर्षौंदेखि बुद्धको जन्मस्थल लुम्बिनीबारे विभिन्न विवाद र भ्रम सिर्जना गर्दै आज फेरि विना प्रमाण र विना आधार नै प्राचीन कपिलवस्तु दरवार भारतमैं पर्छ भनी भ्रमपूर्ण खेती गर्नु रहस्यपूर्ण मानिनु अस्वाभाविक होइन । सन् १८९५ मा जर्मन पुरातत्त्वविद् फ्युहररले तिलौराकोट पुरातात्त्विक स्थल हो भन्ने पत्ता लगाइसकेपछि सन् १८९९ मा सर्वप्रथम भारतीय पुरातत्त्वविद् पूर्णचन्द्र मुखर्जीले राजा सुद्धोदनको दरवार र कपिलवस्तु राजधानी तिलौराकोट भनी ठोकुवा गरेका थिए । यसरी नै सन् १९९७ र १९९९ मा युनेस्को मिसन तथा सन् २००५ र २००६ मा पुरातत्त्व विभागले गरेको सुरक्षा किल्ला पर्खालको उत्खननबाट तिलौराकोट नै प्राचीन कपिलवस्तु दरवार भएको अझ मजबूत प्रमाणित गरिदिएको छ ।

हाल सालै बुद्धको फोटोलाई जुत्तामा अंकित गरी अमेरिकाको आइकन शु डिजाइन कम्पनीले जुत्ताको उत्पादन गरेको खबरप्रति बौद्ध संघसंस्थाहरूले गम्भीर आपत्ति जनाएका छन् । चारैतिरबाट दबाब आएपछि परराष्ट्र मन्त्रालयले अमेरिकाको वासिङ्टन डिसीस्थित नेपाली दूतावासलाई बुद्धको तस्बिर अंकित जुत्ताको उत्पादन तथा विक्रीवितरणबारे बुझ्न निर्देशन दिएको थियो । दूतावासको आग्रहपछि कम्पनीले बुद्धको तस्बिर अंकित जुत्तासम्बन्धी जानकारी आफ्नो अधिकारिक वेबसाइटबाट हटाएको थियो । (परराष्ट्र मन्त्रालयको AC/141-00/120 पत्र-संख्या, ७ आश्विन, २०६९ उल्लेख्य) केही समय अगाडि मात्र २०६८ वैशाख ३१ गते (2011 May 12) श्रीलंका जस्तो बुद्ध-धर्मावलम्बीको बाहुल्यता रहेको राष्ट्रले निष्काशन गरेको हुलाक टिकटमा भारतीय मानचित्र-नक्साभित्र बुद्धजन्मभूमि लुम्बिनीलाई गाभिनु, त्यस विषयमा विरोध र आपत्ति जनाइसकेपछि ढिलै भएपनि भूल स्वीकार गरी तत्कालै प्रचलनमा रोक लगाउने कार्य भएको समाचारले सम्बद्ध हामी कानमा तेल हालेर, मुखमा पत्ति बाँधेर बस्नु हुँदैन भन्ने रचनात्मक सन्देश प्रवाहित गरेको थियो ।

यसरी बुद्धको नाउँमा आस्था र विश्वासमा आघात पार्ने, ठेस पुऱ्याउने गरी सुनियोजित रूपमा अनर्गल प्रचार-प्रसार गर्ने, भ्रम श्रृजना गर्ने जस्ता गतिविधिप्रति सम्बद्ध सबै चनाखो हुनैपर्छ । हाम्रो धर्म, धार्मिक आस्था र विश्वासको जगेर्ना गर्न सम्बद्ध हामी एकताबद्ध हुन सकेनौं भने अफवाह-हल्ला फैलाउनेहरू, भ्रमको खेती गर्नेहरू सलबलाउन छाड्ने छैनन्, एकपछि अर्को गोटी फाले जस्तै नाडी छाम्ने नाउँमै किन नहोस् त्यस्ता अराजकतत्व छाउने प्रयास गरिरहेकै हुन्छन् । त्यस्का लागि हामी सचेत-जागरूक हुनु अत्यन्त जरूरत छ भन्ने भावनालाई सम्बद्ध मन्त्रालय, निकाय, लुम्बिनी विकास कोष, संघसंस्था-व्यक्ति विशेष समूह-समूदायले बेलैमा तेस्रो आँखा खोल्नु परम आवश्यक छ ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | प्रतिप्रत्ति पूजा | भिक्षु अश्वघोष | ४ |
| २. | प्रश्न-उत्तर २ | कल्याण मित्र सत्यनारायण गोयन्का | ६ |
| ३. | नवग्रन्थ : वज्रयानको धर्मदर्शन हो | लोकबहादुर शाक्य | ८ |
| ४. | लुम्बिनीको भेटी व्यवस्थापन | | ११ |
| ५. | जीवन यात्रामा पाएका अनुभव | गौतम 'शिशिर' | १२ |
| ६. | सिद्धार्थको महाभिनिष्क्रमण | डा. गणेश माली | १४ |
| ७. | जनगणना २०६८ सम्बन्धी प्रधानमन्त्रीलाई ज्ञापन-पत्र | | १६ |
| ८. | शरण प्रभो | राज शाक्य | १८ |
| ९. | भिक्षु सुदर्शन महास्थविर | कोण्डन्य | १९ |
| १०. | बुद्ध-धर्ममा कर्मको स्थान | भिक्षु बुद्धदास, अनु. दोलेन्द्ररत्न शाक्य | २० |
| ११. | बुद्धको अन्तिम यात्रा विवरण-१४ | अनु. दुण्डबहादुर वज्राचार्य | २१ |
| १२. | शान्तिमार्गबाट अग्रगामी बनौं | पुष्परत्न शाक्य | २३ |
| १३. | "दुर्लभ मनुष्य जीवनमै मध्यममार्ग अपनाऔं" | धर्मनारायण महर्जन | २४ |
| १४. | बाल कविता | श्रामणेर जीवन | २५ |
| १५. | छन्हु सी मानि | जुजुभाइ शाक्य | २५ |
| 16. | The Ven. Bhikkhu Sudarshan Mahathera | Ven. Kondanya | 26 |
| **१७.** | **बौद्ध गतिविधि** | | **२९** |



## अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र

**बुद्धनगर शंखमूल, काठमाण्डौं**

## सतिपट्ठान विपस्सना शिविर सञ्चालनया सूचना !



अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया प्रमुख ओवादाचरिय सयादो ऊ पण्डिताभिवंशया निर्देशनय् फागुण ५ गते निसें १६ गते तक झिन्हुया बुद्धोपदेशित '**सतिपट्ठान विपस्सना भावना**' या विशेष शिविर संञ्चालन जुइगु दु । उगु शिविरय् सहभागि जुयेगुया लागी ईच्छुक श्रद्धेय भन्तेपिं, श्रामणेरपिं, श्रद्धेय गुरुमापिं सद्धर्मप्रेमी उपासक उपासिकापिन्त अनुरोध यानाच्वना ।

**थाय्:-** अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र बुद्धनगर, शंखमूल, काठमाण्डौं

**शिविर संञ्चालन मिति: २०६८ फागुण ५ निसें १६ गते तक**

**फर्म भरय् यायेगु अन्तिम मिति:** २०६९ माघ २७ गते तक

**सम्पर्क टेलिफोन:** ४७८२७०७, ४७८४६३१, ९८४१४६१२२६, ९८४१३५४५६७

**ईलय् हे फाराम भरेयाना सहभागि जुया बिज्यायेत/दियेत ईनाप याना च्वना ।**

# प्रतिप्रत्ति पूजा

✍ **भिक्षु अश्वघोष**



साधारणतया मानिसहरूले पुष्प-धूप आदि राखेर मूर्ति पूजा गर्ने कार्यलाई पूजा भनिन्छ । पूजा दुई थरिका छन् । आमिस पूजा-भौतिक पूजा खाद्य पदार्थ राखी पूजा गर्ने पूजा हो । बुद्धशासनमा अभ्यास गर्नु पर्ने तीन कुरा छन्- परियत्ति, प्रतिपत्ति, प्रतिवेध । परियत्ति भनेको बुद्धधर्म, त्रिपिटक आदि अध्ययन गर्नु ।

यहाँ चर्चा गर्न लागेको प्रतिपत्ति पूजा बारे हो । प्रतिपत्ति पूजा-व्यवहारिक पूजा मतलब चरित्र राम्रो पार्नु, रहनसहन असल हुनु, कर्तव्य पालन गर्नु, आफूभन्दा ठूलाहरूको आदरसत्कार एवं सम्मान गर्नसक्नु, आमाबुबाको सेवा गर्नु, यी सबै प्रतिपत्ति पूजाको अङ्ग मानिन्छ ।

**प्रतिवेध** - धर्माचरण गरिसकेपछि राम्रो प्रतिफल पाउनु, बोध हुनु, आध्यात्मिक उन्नति हुनु । मार्गफल लाभी हुनु- यी सबै प्रतिवेधको लक्षण हुन् ।

मूर्तिपूजा पनि आमिस पूजा हो । जलपान, भोजन दान गर्नु, फलफूल पूजा गर्नु यी सबै आमिस पूजा अर्थात् भौतिक पूजा हो । बुद्धमूर्तिको पूजा राजा अशोकको पालासम्म भएको थिएन । बुद्धको महापरिनिर्वाण भएर चारसय वर्षपछि कणिष्क राजाको समयमा मात्र बुद्धमूर्ति निर्माण भएको हो । कणिष्क राजा, महायान धर्म समर्थक बने । त्यसपछि बुद्धमूर्ति पूजा शुरू भएको हो । यो बुद्धमूर्ति पूजा महायान सम्प्रदाय धर्मको देन र कोसेली हो भन्नुपर्दा अत्युक्ति हुने छैन ।

महायानीहरूले जनताको ध्यान आकर्षित गर्नको निमित्त बुद्धमूर्ति पूजा शुरू गरेको थियो । आदिकालदेखि मानिसहरू अज्ञानी भएकोले भक्तिमार्गी थिए । अनि मानिसहरू महायानतिर पनि लागेपछि थेरवादीहरू अल्पमतमा परे । थेरवाद त ज्ञानमार्ग हो । भिक्षुहरूले प्रचार गर्ने कुरा र धर्म-चित्त शुद्ध हुनुपर्छ, आचरण राम्रो हुनुपर्छ, कर्तव्यपरायण हुनुपर्छ, विश्वासपात्र बन्नुपर्छ । यस्ता ज्ञानमार्गको उपदेश भक्तिमार्गीहरूलाई पच्ने खालको थिएन । मानिसहरू महायानमा लागेपछि कुनैबेला थेरवादी भिक्षुहरूको जीविका निर्वाह गर्नु पनि धौ-धौ परेको थियो । अनि थेरवादी भिक्षुहरू

**बुद्धले आफू महापरिनिर्वाण हुनुभन्दा केहि दिन पहिले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभएको थियो- "भिक्षुहरू, मेरो महापरिनिर्वाणपछि मूर्ति पूजामा नलागी आचरण राम्रो पार्ने प्रयत्न गर, चरित्र सुधार्ने र ज्ञानमार्गमा लाग्नू" । तर परिस्थितिले गर्दा थेरवादी भिक्षुहरूले बुद्धको आज्ञा र उपदेश बिर्सिएर भक्ति मार्गमा लागे । सिद्धान्त मात्रै ज्ञानमार्ग हुन थाले, प्रतिपत्ति पूजा उपदेश र मूर्तिपूजामा मात्र सीमित रहन गयो भन्नु पर्दा दुःख लाग्छ ।**


यस अङ्क




आनन्द भूमि

**पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं**

**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०**

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

गताङ्कमा



जम्मा भई छलफल गर्न थाले कि हामीले पनि बुद्धमूर्ति पूजा गर्नुपर्‍यो, तर हामीले बुद्धमूर्तिलाई देउता सम्झी होइन, गुरूको रूपमा बुद्धगुण ९ वटा, धर्मगुण ६ वटा र संघगुण ९ वटा स्मरण गरेर पूजा गर्ने ।

अहिलेसम्म थेरवादी विहारहरूमा बुद्धपूजा हुँदा पालि भाषामा 'इतिपिसो भगवा अरहं, .....स्वाक्खातो भगवता धम्मो,..... सुपटिपन्नो भगवतो सावक संघो ... आदि पढेर बुद्धपूजा गर्ने चलन छ । बुद्धपूजा कार्य शुरू भएपछि तत्कालीन मानिसहरूले सोच्न थाले बल्ल धर्मका लक्षण देख्न पाइयो भनी मानिसहरू फेरि थेरवादतिर नै आउन थाले । तर धेरैजसो मानिसहरू भक्तिमार्गी भएकोले बुद्धलाई देउता सम्झेर नै पूजा गर्न थाले । संस्कार बदलिएन । अहिलेसम्म थेरवादी समर्थक भक्तजनहरू बुद्धपूजा गर्ने बुद्धलाई गुरू सम्झेर होइन, देउता सम्झी पूजा गर्ने नै भयो ।

बुद्ध सही रूपमा मूर्ति पूजा विरोधी थिए किन भने बुद्धलाई थाहा थियो- मूर्ति बनाएर पूजा गर्नाले विकृति शुरू हुनेछ । आचरण सुधार्ने, चरित्र राम्रो पार्नेतिर ध्यान नगई पूजा विधिलाई नै बढी मान्यता दिन थाल्नेछ । त्यसैले, बुद्धले आफू महापरिनिर्वाण हुनुभन्दा केहि दिन पहिले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभएको थियो- "भिक्षुहरू, मेरो महापरिनिर्वाणपछि मूर्ति पूजामा नलागी आचरण राम्रो पार्ने प्रयत्न गर्नु, चरित्र सुधार्ने र ज्ञानमार्गमा लाग्नू" । तर परिस्थितिले गर्दा थेरवादी भिक्षुहरूले बुद्धको आज्ञा र उपदेश बिर्सिएर भक्ति मार्गमा लागे । सिद्धान्त मात्रै ज्ञानमार्ग हुन थाले, प्रतिपत्ति पूजा उपदेश र मूर्तिपूजामा मात्र सीमित रहन गयो भन्नु पर्दा दुःख लाग्छ ।

**प्रतिपत्ति पूजा** - अनाथ पिण्डिकका कान्छी छोरी चूलसुभद्राको व्यवहार राम्रो भएकोले उनको श्रीमान्‌सहित अबौद्ध परिवार बौद्ध भए, हृदय परिवर्तन भएर सबै बुद्धका अनुयायी बने, यो प्रतिपत्ति पूजाको ज्वलन्त उदाहरण हो ।


**सम्झनुहोस्**

**सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि**

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| **निक्षेपतर्फ** | | **ब्याजदर** |
|---|---|---|
| १. बचत खाता | | १०% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ११.५०% | १२% |
| १ वर्ष | १३% | १३.५% |
| २ वर्ष | १३.५०% | १४% |
| ३ वर्ष | १४% | १५% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी रकम राखेमा मासिक रूपमा १४% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजनाअन्तर्गत ५ वर्षे मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्याहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा डेढ महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९-२०% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा २% थप

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२**

# प्रश्न-उत्तर २



✍ **कल्याण मित्र सत्यनारायण गोयन्का**

**प्र. साधना गर्दा हामीलाई किन दुःखद सम्वेदना हुन्छ ? कृपया बुझाइदिनुहोस् ।**

ऊ. सम्वेदना विभिन्न किसिमका हुन्छन् यस्का विभिन्न कारणहरू छन् । यदि तिम्रो पलेट्टी कसेर बस्ने बानी छैन भने धेरै बेरसम्म यसरी बस्दा खुट्टा दुख्न सक्छ यो बसाइको कारणले भयो, त्यस्तै खानाको कारणले पनि शरीरमा दुःखद् सम्वेदना हुन्छ, त्यस्तै हामी बस्ने वातावरणको कारणले पनि दुःखद् सम्वेदना हुन्छ जस्तो धेरै गर्मी छ भने शरीर ज्यादै तातिएको महसुस हुन्छ र पसिना आउँछ । यसरी दुःखद् सम्वेदना हुनुका धेरै कारण छन् ।

दुःखद् सम्वेदना हुनुको अर्को कारण आफूले पहिला संचय गरेको संस्कारले पनि हुनसक्छ । जब साधक राम्ररी साधना गर्दछ तब अनित्यको तरङ्ग यति प्रबल हुन्छ कि भित्र डबिएका विकारहरू उप्किएर माथिल्लो सतहमा आईपुग्छन् । शुरूमा स्थूल खालका संस्कार माथि देखापर्छन् र जब ती सबै पूर्ण रूपमा निर्मूल हुन्छन् तब त्यो व्यक्ति स्रोतापन्न हुन्छ ।

यो भुईं बढार्नु जस्तै हो । पहिला ठूल्ठूला कसिङ्गर बढारिन्छन्, त्यसपछि त्यसभन्दा साना कसिङ्गर हुँदै मसिना धूलो पनि बढारिन्छन् । मसिनो ब्रूसले सफा गर्‍यो भने अझ बाँकी रहेका मसिना कण सफा हुन्छ र पानीले भुईं पखाल्यो भने अझ सफा हुन्छ । त्यस्तै प्रकारले विपश्यना साधनामा पनि काम गर्दै जाँदा स्थूलबाट सूक्ष्म र सूक्ष्मतम हुँदै जान्छ, यो प्रकृतिको नियम हो ।

**प्र. कसैको परिवारमा पति-पत्नीमध्ये एकजनाले मात्र विपश्यना गरेको हुन्छ, यस्तो अवस्थामा धर्म मार्गमा बढ्न कसरी प्रोत्साहन गर्ने ?**

ऊ. तिमी आफ्नो जीवन साथीलाई धर्मको बाटोमा अघि बढ्न दबाब दिन सक्दैनौ, दबाबले कुनै पनि काम हुँदैन । उसलाई मैत्री दिएमा मात्रै काम बन्दछ र बाँकी तिम्रो आफ्नो स्वभावले मदत गर्छ । तिम्रो जीवन साथीले सोच्ने छ कि, ओहो ऊ त एकै छिनमा रिसाउने मान्छे अब त उस्को स्वभावमा फरक भयो, त्यो व्यक्ति त निकै घमण्ड गर्ने अब त्यस्तो रहेन ओहो विपश्यनाको अभ्यासले यस्तो परिवर्तन भयो । यसरी नै तिम्रो जीवन साथीलाई धर्मतिर तान्ने छ अन्य तरिकाले होइन ।

**प्र. के साधकले हिन्दू, जैन मुस्लिमहरूको मान्यता अनुसार पूजा आजा गर्ने स्थानहरूमा हुने धार्मिक समारोह, पर्वमा भागलिन जाँदा यसबाट विपश्यना साधनाको प्रगतिमा असर पर्छ ?**

ऊ. असर पर्छ । यदि विपश्यनालाई राम्ररी बुझेका छौ भने यस्ता धार्मिक समारोहमा जाँदा स्पष्ट बुझ्ने छौ कि यी अर्थहीन छन् । यदि तिम्रो परिवारले यस्तो पर्व मनाएको छ भने कार्यक्रममा सहभागी हुनुपर्छ र त्यसको विपरित नकारात्मक भाव ल्याउनु हुँदैन । यदि त्यहाँ झुकेर नमस्कार गर्नुछ भने, गर्नु । तर कसरी झुकेर नमस्कार गर्ने भन्ने सिक्नुपर्छ । मलाई मेरो गुरू ऊ बा खिनले सिकाउनुभएको थियो कि नमस्कार अथवा वन्दना गर्दा केवल मेसिनले झैं नगर्नु । जब पहिलो पटक वन्दना गर्छौ तब टाउकोको माथिल्लो भागमा अनित्य बोधसहित सम्वेदना थाहापाउनु, दोस्रो पटक झुक्दा दुःख बोध थाहापाउनु र तेस्रो पटक झुक्दा अनात्म बोध गर्नु ।

जब जब वन्दना गर्छौ तब अनित्य, दुःख, अनात्मलाई अनुभव गर्नु, यसो गर्दा धर्मलाई नमस्कार गर्छौ र केही बेफाईदा हुँदैन । यदि कुनै मूर्ति वा स्तूप, मन्दिर, मस्जिद अघि नमस्कार गर्दा त्यसबाट तिमीलाई मुक्ति प्राप्त हुन्छ, दुःख तर्छ भन्ने विश्वास गर्छौ भने तिमी असल विपश्यी साधक भएन ।

हामी यस्ता धार्मिक स्थलहरू असल वा खराब भनेर भन्न सक्दैनौं । कस्ता मानिसहरू त्यहाँ जाने गर्छन् त्यसमा भर पर्छ । जब आफूभित्र हुने सम्वेदना अटूट रूपमा थाहापाउँछौ तब बाहिरको सम्वेदना पनि महसूस गर्न सक्छौ ।

एक अवस्थामा, यदि दुई व्यक्ति तिम्रोअगाडि उभिएका छन् भने बाहिरबाट हेर्दा दुबैजना उस्तै देखिए पनि एक जनाको भित्र-भित्र दुःखले जलिरहेको हुन्छ भने अर्को सुखी र शान्त हुन्छ, तिमी महसूस गर्नेछौ कि एकजनाबाट तातोपन प्रवाह भइरहेको छ भने अर्कोबाट शान्त र शीतल तरङ्ग प्रवाह भइरहेकोछ ।

यी धेरै माथिल्लो तहमा पुग्दा थाहापाउनेछौ । तर सबैजना त्यस तहसम्म पुग्नै पर्छ आफू वरिपरिको वातावरणको तरङ्ग महसूस गर्नेछौ ।

मेरो गुरूजीको आफ्ना शिष्यको साधनामा कति प्रगति भयो जाँच्ने आफ्नै तरिका थियो । त्यस समय रंगूनमा "होलिडे अन आईस्" नामको अमेरिकन फिल्म चलिरहेको थियो । म शिविरमा बसिरहेको थिएँ । गुरूजीले मेरो छोरालाई बोलाएर मेरो शिविर सकिने दिनको लागि घरको सबै सदस्यका निम्ति त्यस

फिल्म हेर्न टिकट किन्न लगाउनुभयो । त्यस दिन मलाई भन्नुभयो, "गोयन्का तिम्रो छोरोले फिल्म हेर्ने टिकट किनेको छ फिल्म हेर्न जानू ।"

"आज भरखर दश दिनको शिविर सकिएको छ, सयाजी भन्नुहुन्छ फिल्म हेर्न जानु, त्यो पनि अमेरिकन फिल्म, अर्धनग्न केटीहरू नाचेर वासना जगाउने ? कुनै कारण भएर नै भन्नुभयो होला" यस्तो सोचेर मैले स्वीकार गरें ।

हाम्रो स्थान सबैभन्दा अगाडि थियो, त्यहाँ बस्ने वित्तिकै नराम्रो लाग्यो र एकैचोटि वान्ता होला भैं भयो र दुई मिनट पनि नबस्दै त्यहाँबाट निस्क्यौं ।

अर्को दिन ध्यान केन्द्र गयौं र सयाजीसँग भेट भयो, उहाँले सोधिहाल्नुभयो कि, "गोयन्का, हिजो कस्तो भयो होलिडे अन् आईस् हेरेर रमायौ ?"

"ओहो, गुरूजी"

"कस्तो भयो तिम्रो अनुभव ?"

मैले सविस्तार बताएँ ।

गुरूजीले भन्नुभयो "साधु, साधु , साधु । तिमीले आफूभित्र मात्र होइन आफू वरिपरिको वातावरणको सम्वेदना थाहापाउन सक्ने भयौ कि भएनौ भन्ने जाँचको लागि त्यहाँ पठाएको हुँ ।"

त्यस्तै अर्को एउटा शिविर पछि घर फर्किनु अघि स्वेडगो पागोडा दर्शन गरेर जानु भनेर भन्नुभयो । उहाँले पहिला यस्तो आदेश कहिल्यै गर्नु भएको थिएन त्यसैले म छक्क परें, केही उदेश्य होला भन्ने सोच्दै गएँ । म उहाँको निर्देश अनुसार, अर्कै भऱ्याङ्गबाट गएँ त्यहाँ एउटा मूर्ति पनि थियो, त्यहाँ भुकेर नमस्कार गरें ।

कुनै उद्देश्य नभई गुरूजी मलाई त्यहाँ जान भन्नु हुन्न भन्ने सोचें । स्वेडगों पागोडा जहाँ भगवान् तथागतको अस्थि स्थापना गरिएको छ, यो सुन्दर र मनमोहक स्तूप हो । त्यहाँ पुगेर कयौं पटक ध्यान गरेको छुँ र त्यहाँको अनौठो तरङ्ग महसूस पनि गरेको छु ।

तर यसपटक जाँदा कस्तो भयो ? जब मैले त्यहाँ भुकेर नमस्कार गरें तब मेरो टाउको उठाउन सकिन । ढाडमा मानौं पग्लिएको सिसा खन्याएको भैं दुख्न थाल्यो । यस्तो गह्रौं दुखाई भन्डै २४ घण्टासम्म रहिरह्यो ।

अर्को दिन साँझ पख म गुरूजीलाई भेट्न गएँ, उहाँले सोध्नुभयो, "हिजो स्वेडगों पगोडा गयौ ?" "गएँ गुरुजी ।"

"अनि के भयो ?"

मैले केही जवाफ दिइन किनकी सयाजी जन्मदेखि बौद्ध मार्गी, यदि मैले आफ्नो अनुभव बताएँ भने उहाँलाई नराम्रो लाग्नेछ । तर उहाँले जोड् दिनुभयो, मैले सबै बताएँ, अहिले पनि निहुरिन नहुने दुखाई भइरहेछ ।"

उहाँले भन्नुभयो, साधु, साधु, साधु । तिमीले त्यहाँ के अनुभव गर्छौ भन्ने थाहा पाउन नै पठाएको हुँ । मान्छेहरू त्यहाँ आफ्ना इच्छा पूरा गर्न मात्र जान्छन् । उनीहरू आफ्ना चाहना पूरा गर्न त्यहाँका स-साना कंकड टिप्छन् । यदि कंकड हलुको छ भने इच्छा पूरा हुने ठान्छन् र गह्रौं भएमा इच्छा पूरा नहुने ठान्छन् । त्यहाँ केवल रागजन्य तरंग मात्र हुन्छ ।

एकजना असल विपश्यी साधकले ठाँउ अनुसार र मान्छे अनुसार फरक फरक तरंग अनुभव गर्न सक्छन् । तर तिम्रा अनुभव छलफल नगर्नु अन्यथा तिम्रो अहंभाव मात्र पुष्ट हुनेछ । यदि कतै नराम्रो तरंग महसूस भयो भने कसैलाई नभन्नु, मुस्कुराउँदै मैत्री दिनु र सुटुक्क निस्किनु । कुनै मन्दिर, मस्जिद, चर्च जहाँ कहीं त्यहाँ तरंग थाहापाउनेछौ । यदि त्यहाँको तरंग राम्रो छ भने ठीक छ, तरंग राम्रो छैन भने कुनै प्रतिक्रिया नगरी मुस्कुराउँदै मैत्री दिनु र बाहिर आउनु ।

विपश्यी साधकले याद राख्नुपर्ने एउटा कुरा, आफूभित्रको तरंगप्रति संधै तटस्थ रहनु पर्छ, यसैबाट मुक्ति प्राप्त हुन्छ ।

(श्रोत : For the Benifit of Many)

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४**
E-mail: vmtautoparts@wlink.com.np

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टसहरुको लागि सम्पर्क गर्नुहोस् ।**

# नवग्रन्थ : वज्रयानको धर्मदर्शन हो

✍ लोकबहादुर शाक्य



हीन, मध्यम र उत्तम सबै दर्जामा पर्ने सत्त्वहरूले जे जस्ता कार्यहरू प्रारम्भ गरिन्छन् ती सबै खालका कार्यहरूको एकमात्र लक्ष्य निश्चय पनि आत्मसन्तुष्टि प्राप्त गर्नु हो, जहाँ सबै दुःखहरूको प्रहाण (नाश) हुन्छ । फेरि जति धनसम्पत्ति खर्च गरेपनि त्यस्तो सुन्तुष्टि प्राप्त गर्न सकिंदैन । अतः अरूको गुण थाहा पाएर सुनेर पनि आफूले सन्तुष्टिको भोग गर्न पाउनु त धेरै सजिलो भयो । किनकि ती गुणहरू आर्जन गर्न आफूले कुनै प्रयास गरिन, अरूको प्रयासबाटै ती गुणहरू प्राप्त गरेका हुन् । श्रवण गर्नाले मात्रै पनि अमूल्य सन्तुष्टि प्राप्त गर्नु चानचुन कुरा होइन । तर अरूको गुण सुनेर सन्तुष्टि लिनसक्ने क्षमता आवश्यक भयो । अरूको गुणानुमोदन गर्नाले कुनै नोक्सानी या खर्च व्यहोर्नु पर्ने पनि होइन । अझ परलोकमा पनि त्यो कुशल मूलले गर्दा धेरै सुख हुन्छ । यहाँभित्र दिलैदेखि विचार गर्नु पर्ने सत्यतथ्य कुरो के छ भने कुनैपनि प्रकारको छलकपट इर्ष्या नगरी चित्त निर्मल गरेर कोमल शब्दद्वारा कुरा गरी सत्त्वप्रति सक्दो दयामाया तथा सेवा गर्ने मनोवृत्ति विकास गर्नुपर्‍यो ।

> **– प्रज्ञापारमिता एक छोडेर अरू आठवटै वज्रयानी सम्प्रदायको मान्यता प्राप्त सूत्र-ग्रन्थ हो भनेर अन्वेषकहरूको निष्कर्ष छ । यस तथ्यलाई नबुझेर नजानेर या किन हो, "महायानी नवग्रन्थ" भनेर प्रचार गरिआएको ? यदि प्रचार गरे जस्तै यिनीहरू सबै महायान अन्तर्गतको धर्मशास्त्र हो भने यसलाई बुझ्नेगरी प्रवचन दिनेलाई वज्राचार्य होइन अपितु महायानाचार्य मात्र भन्न सुहाउँछ ।**

सत्त्वहरूलाई सधैं प्रेमले भरिएका आँखाले सजिलो र सरल भावले हेर्नुपर्छ । हेराइमा राग, द्वेष, मोह आदि हुनु हुँदैन । यी सत्त्वहरू अत्यन्त उपकारक हुन् किनभने यिनीहरूको आश्रय लिएर मात्र दुर्लभ बोधिलाई प्राप्त गर्न सक्नेछ । त्यो सोचेर हेर्नुपर्छ । बोधिसत्त्वले गर्ने एकमात्र काम सत्त्वहरूको अर्चना गर्नु हो अर्थात् सत्त्वहरूलाई हृदयदेखि नै खुशी पार्नु हो । धर्मसंगीति सूत्रमा पनि बताइएको छ कि सत्त्वहरूलाई प्रसन्न पार्ने किसिमले हेर्नुपर्छ याने हेर्दा नै उनीहरू प्रसन्न होऊन् । किनकि सत्त्व आराधना बाहेक बोधिसत्त्वले गर्नुपर्ने अर्को कुनै कर्म छैन । बोधिसत्त्वको धर्मसंगीति भनेकै सत्त्व परिपाक हो । यिनीहरूको हित गर्दा फल पनि ठूलो हुन्छ । निरन्तर गरिएको, भित्रदेखि नै श्रद्धा जागेर गरिएको या तीव्र प्रसन्नताले गरिएको, क्लेशहरूको प्रतिपक्षस्वरूप शून्यता आदिको भावनाबाट उत्पन्न भएको, बुद्ध-बोधिसत्त्व आदि गुण क्षेत्रहरूमा गरिएको मातापिता आदि उपकारी क्षेत्रहरूमा गरिएको र दीनदुःखी आदि दुःख क्षेत्रप्रति गरिएको सानोतिनो शुभकर्म पनि धेरै कुशल वा धेरै पुण्यको हेतु हुनपुग्छ । त्यसकारण यस्ता उत्तम अप्रमेय पुण्यकर्महरू गर्नु बोधिसत्त्वको लागि निकै लाभदायी हुन्छ र त्यही नै सत्त्व आराधना पनि हो । सधैं आफू उत्साह सम्पन्न एवं उपयोगी भएर काम गर्न सिपालु बन्नु पर्छ । प्रत्येक काम आफैले गर्न सक्नु पर्छ र गर्ने बानी हुनुपर्छ । आफ्ना कुनै काम पनि अरूलाई गर्ने मौका दिनु हुँदैन, स्वयं आफै गर्नुपर्दछ ।

दान आदि ६ पारमिताहरूमा दानपारमिताभन्दा शील पारमिता श्रेष्ठ हुन्छ र शीलपारमिताभन्दा क्षान्तिपारमिता श्रेष्ठ हुन्छ । यसैगरी पछाडिका झन्झन् श्रेष्ठ हुँदै जान्छन् । त्यसकारण अगाडिको पारमिता पूरा गर्न लागेको निहुँमा पछाडिका श्रेष्ठतर पारमिताहरूलाई त्याग्नु हुँदैन । पछिको पारमिताहरूमा वीर्यपारमिता, ध्यानपारमिता र प्रज्ञापारमिता हुन् । बोधिसत्त्वहरूका निमित्त आचारको रक्षा गर्नु नै महत्वपूर्ण हुन्छ । बोधिसत्त्वको आचार नै शिक्षाहरूको संवर लिनु र त्यसबाट कुशलरूपी जलको बाँध बाँधेर संरक्षण गर्नु हो । त्यो पूरा गर्न र त्यसको क्षय हुन नदिन जे उपयुक्त हुन्छ, त्यो बुझेर ती पारमिताहरूको पूरण र संवरको संरक्षण गर्नुपर्छ । महायानको विवरण तल दिइन्छ । यसको विशाल सिद्धान्तअनुरूप निर्वाण मार्गमा चर्या गरिरहे पनि व्यवहारमा अहंकार ममकार सेखी, घमण्डी, तामसी भावना नराखी आफूमात्र तरेर जाने आकांक्षा पनि नराखी अनुपलम्व दृष्टिकोणबाट सर्वसत्त्व प्राणीको उद्धार गर्ने

मनसाय देखाप-यो । बुद्धो भवेयम् जगतोहिताय अनुसार आफू मात्र तरेर जाने लक्ष्यले सिद्धार्थ बुद्ध हुनुभएको नभै लोक कल्याणको निमित्त बुद्ध हुनुभएको स्पष्ट छ ।

नेसं. ११२८ कछलागा ४ (२०६४ मंसीर १२) को सन्ध्याटाइम्स दैनिक पत्रिकामा प्रकाशित लेखअनुसार पाटन प्यंगः थां सिजबहालमा वि. सं. २०३९-२०४० मा बोधिपरिषद्‌बाट दश महिनासम्म आयोजना गरेको कार्यक्रममा पं. दिव्यबज्र वज्राचार्यले बोधिचर्यावतार ग्रन्थको धर्मदेशना गर्नुभएको बखत बोधिचर्यावतार ग्रन्थ मौलिक महायान चर्या भएकोले महायानमा सरसामान राखेर पूजा गर्ने प्रचलन छैन, मानसिक पूजा मात्र छ । वज्रयानमा मात्र सरसामान राखेर प्रज्ञा मूर्तिहरूलाई पूजा गर्ने प्रचलन छ भनेर स्पष्ट गर्नुभएको थियो । धर्मदेशना सम्पन्न भएको कार्यक्रममा पण्डितज्यूलाई अर्पण गरिएको दक्षिणा रू. ५ हजार वहाँले बोधिचर्यावतार ग्रन्थ संस्कृत भाषाबाट नेपाल भाषामा अुनवाद गरेर प्रकाशन गर्नको निमित्त दिनुभएको महायान चर्या भयो ।

सन्ध्याटाइम्स दैनिक पत्रिकामा नेसं. ११३१ थिंलागा ११ ( २०६७ पुष १६) दिन प्रकाशित उपासक उदासको मेरो पनि भन्नु छ भन्ने लेखमा पौष ६ गतेदेखि १५ गतेसम्म पाटन इलांननिमा महायान नवग्रन्थ सूत्रपाठ गर्ने आयोजना भइरहेको छ । विभिन्न विद्वानहरूबाट प्रवचन वा देशना हुने कार्यक्रम पनि रहेछ । यहाँ पाठ गर्ने पुस्तक नवग्रन्थ मध्येमा केवल प्रज्ञापारमिता एक छोडेर अरू आठवटै वज्रयानी सम्प्रदायको मान्यता प्राप्त सूत्र-ग्रन्थ हो भनेर अन्वेषकहरूको निष्कर्ष छ । यस तथ्यलाई नबुझेर नजानेर या किन हो, 'महायानी नवग्रन्थ' भनेर प्रचार गरिआएको ? यदि प्रचार गरे जस्तै यिनीहरू सबै महायानअन्तर्गतको धर्मशास्त्र हो भने यसलाई बुझ्नेगरी प्रवचन दिनेलाई वज्राचार्य होइन अपितु महायानाचार्य मात्र भन्न सुहाउँछ । गुरू वज्राचार्य नै भन्नलाई त वज्रयानी ग्रन्थ भन्नु पर्ला भनी उल्लेख गरिराखेकोमा उत्तर आएको सुन्न पाएको छैन ।

**जनआन्दोलनको उपलब्धिका रूपमा अन्तरिम संविधानले घोषणा गरेको धर्मनिरपेक्षतालाई तुहाउन हिन्दूधर्मको नाममा राजनीति सुरू भएको भन्दै बुटवलमा बुद्धधर्मसम्बन्धी संघसंस्था, जनजाति महासंघ, क्रिश्चियन समाजसहितका ३८ संघसंस्थाले विरोधस्वरूप ¥याली निकालेको थियो । धर्मनिरपेक्षता घोषणाको कार्यन्वयन गर भन्दै बुटवल राजमार्ग चौराहाबाट सुरू भएको ¥याली पुष्पलाल पार्क हुँदै इलाका प्रशासन कार्यालय बुटवलमा आएर ज्ञापनपत्र बुझाइएको थियो ।**

२०६८ कतिपुन्हि-कोजाग्रत पूर्णिमाको आनन्दभूमि मासिक पत्रिकामा प्रकाशित यस लेखकको लेखमा बुद्धको समयमा सम्प्रदाय अथवा यान थिएन । सिद्धार्थ बुद्ध हुनुभएपछि सर्वप्रथम सारनाथ मृगदावनमा पंचभद्र वर्गीयलाई चतुरार्यसत्यको धर्मचक्र प्रवर्त्तन गर्नुभएको धर्म-दर्शनलाई श्रावकयान भनेर मानिआएको छ । बुद्ध गाउँ-गाउँ, नगर-नगर भ्रमण गरेर बुद्धधर्म-दर्शन प्रचार गर्नुभएको ६ वर्षभित्र हजारौं अर्हत् भिक्षुहरू तयार भएपछि धर्मद्वारा जनचेतना जागृत गरी तत्कालीन समाजमा विद्यमान अन्धविश्वासलाई निर्मूल गर्दै लोककल्याणकारी कर्याक्रम तदारूकतासाथ संचालनको निम्ति राजगृहस्थित गृद्धकुट पर्वतमा हजारौं अर्हत्‌हरूलाई सम्बोधन गरी द्वितीय धर्मचक्र प्रवर्त्तन गर्नुभएकोलाई महायान भन्ने प्रचलन छ । महायानीहरू बोधिसत्त्व भावनाद्वारा दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञारूपी षटपारमिता बोधिचर्या गरेर क्लेशावरणबाट मात्र होइन ज्ञेयावरणबाट पनि पार हुने लक्ष्य लिएको पाइन्छ । नामै महायान भन्नुपर्दा अरू सम्प्रदायभन्दा फरक हुने नै भयो । महायानको मूल ग्रन्थ षटपारमिताको रूपमा बोधिचर्यावतार भएको अनि अर्हत् भिक्षुहरूलाई देशना गर्नुभएको कुराहरू गम्भीर रूपले विचार विमर्श गर्दा श्रावकयानको विकसित रूप महायान भएको स्पष्ट बोध गर्नसक्ने भयो । यस विषयमा भिक्षुहरूसँग सकारात्मक छलफल भएको छ, साथै बौद्ध विद्वान शान्तहर्ष वज्राचार्यले पनि सकारात्मक भावना प्रकट गर्नुभएको छ ।

उपरोक्त विषय पत्र-पत्रिकामा पटकपटक प्रकाशित भएतापनि प्रतिक्रिया आएको देखिँदैन । माथि उल्लेखित स्थानमा फेरि नवग्रन्थलाई महायान भनेर पाठ र प्रवचन तथा देशनाको कार्यक्रमको सूचना देखिन्छ । यथार्थ बोध गरेर वा आपसी छलफल गरेर एकतावद्ध रूपमा बुद्धधर्मको कार्यक्रम अघि बढाउनु कल्याणकारी हुन्छ । महायानीहरूले नवग्रन्थको सबै व्यहोरा अनुशरण नगर्ने पनि सुनिन्छ । यहाँ यो कुरा पनि उल्लेख गर्न परेको छ कि महायानमा तन्त्रमन्त्र समावेश गरेर वज्रयान भएको भन्ने कुरा पनि

सुनिन्छ । धर्मसमन्वयको नाममा वज्रयानमा बुद्धधर्ममा नभएका विधिहरू पनि समावेश भएको देखिन्छ । त्यसैले वज्रयानको मनसाय विशाल भएको र नवग्रन्थका सबै कुरा मान्ने भएकोले नवग्रन्थ वज्रयानको धर्मदर्शन भन्न उपयुक्त देखिन्छ । त्यसैले यस विषय सम्बन्ध भएका महानुभावहरूले गम्भीर रूपमा विचार विमर्श गरेर नवग्रन्थ पुरालाई महायान नभनी वज्रयान भन्न उपयुक्त देखिएकोले विनम्र श्रद्धापूर्वक ध्यान आकर्षित गरिएको छ ।

**गतांकको रथयात्रा क्रममा बाँकी विवरण तल उल्लेख गरिएको छः-**

हिन्दूधर्म र राजतन्त्रको वकालत गरिरहेको पार्टी राप्रपा नेपालले रथयात्रा गरेको सम्बन्धमा ताम्सालिङ्ग-नेपाल राष्ट्रिय दल मकवानपुरले विज्ञप्ति जारी गरी मुलुक गणतन्त्रात्मक र धर्मनिरपेक्ष भइसके पनि हिन्दू धर्मको प्रवर्द्धन गर्दै रथयात्रा गरेकोमा विरोध गरिएको थियो । विज्ञप्तिमा अन्तरिम संविधानको भावना विपरीत रथयात्रा गरेकोमा आपत्ति जनाइएको थियो ।

जनआन्दोलनको उपलब्धिका रूपमा अन्तरिम संविधानले घोषणा गरेको धर्मनिरपेक्षतालाई तुहाउन हिन्दूधर्मको नाममा राजनीति सुरू भएको भन्दै बुटवलमा बुद्धधर्मसम्बन्धी संघसंस्था, जनजाति महासंघ, क्रिश्चियन समाजसहितका ३८ संघसंस्थाले विरोधस्वरूप र्‍याली निकालेको थियो । धर्मनिरपेक्षता घोषणाको कार्यन्वयन गर भन्दै बुटवल राजमार्ग चौराहाबाट सुरू भएको र्‍याली पुष्पलाल पार्क हुँदै इलाका प्रशासन कार्यालय बुटवलमा आएर ज्ञापनपत्र बुझाइएको थियो । राजनीतिक स्वार्थ पूरा गर्न हिन्दू राष्ट्र घोषणाको माग गरी गरेको रथयात्रा तथा क्रियाकलाप रोक्न माग गर्दै आयोजित कोण सभामा नेपाल आदिवासी जनजाति महासंघ रूपन्देहीका अध्यक्ष होमबहादुर मलामी, पद्मचैत्य विहार बुटवलका अध्यक्ष विमलबहादुर शाक्य, मगर संघका जिल्ला उपाध्यक्ष गीता सारू, तमु विद्यार्थी छोंजधीका निवर्तमान केन्द्रीय अध्यक्ष जि.एस.गुरूङलगायतले जनआन्दोलनको मर्म विपरीत हिन्दूधर्मको नाममा राजनीति भएको भन्दै विरोध गरेका थिए ।

साथै लुम्बिनी विकास कोष तथा स्थानीय बौद्ध संघसंस्थाहरूको सकृयतामा, रथलाई लुम्बिनी विकास क्षेत्र प्रवेश गर्न नदिएको कदम सह्राहनीय छ ।

(सन्दर्भ श्रोत : आर्य शान्तिदेव विरचित बोधिचर्यावतार, अनुवादक नारायणप्रसाद रिजाल, साथै सान्दर्भिक विषय समावेश गरिएको छ ।)



# लुम्बिनीको भेटी व्यवस्थापन

वर्षौंदेखि लुम्बिनीमा विभिन्न देशका बुद्धधर्मावलम्बीहरूले चढाएको करोडौं भेटी त्यतिकै खेर गइरहँदा पनि सरकारले त्यसको उचित व्यवस्थापनमा चासो देखाएको छैन । त्यसले गर्दा लुम्बिनीको विकास र संरक्षणका लागि उपयोग हुनसक्ने ठूलो धनराशि कागजको खोस्टोसरह भएको छ । यसरी जम्मा भएको नोटमध्ये धेरैजसो सडेर कुहेर गएका छन् भने कयौं 'काम नलाग्ने त हो नि' भन्दै लुम्बिनी विकास कोषकै कर्मचारीले झिकेर लैजाने गरिदिँदा यसको दुरूपयोग समेत भएको छ । मुख्यतः लुम्बिनी भ्रमणका लागि विश्वभरकै पर्यटक आउँछन् । त्यसमध्ये पनि यहाँ श्रीलंका, बर्मा, कम्बोडिया, भियतनामका बुद्धधर्मावलम्बी धेरै आउँछन् र तिनले लाखौं भेटी चढाउने गरेरका छन् । लुम्बिनी विकास कोषले जनाएअनुसार, ती मुलुकबाट आउने पर्यटकले सरदर मासिक तीन लाख नेपाली रूपैयाँ र पर्यटकीय मौसमका बेला त मासिक दस लाखजति चढाउँछन् । त्यस्तै नेपालमा पैसा नचल्ने अरू मुलुकका पर्यटकले बुद्धधर्मावलम्बीले पनि भेटी चढाउने गरेका छन् । तर विडम्बना, यसरी उठेको करोडौंको दान र भेटीलाई लुम्बिनी विकास कोषले सदुपयोग गर्न नपाउँदा खेर गएको छ ।

श्रीलंका, बर्मा, कम्बोडिया, भियतनामलगायतका मुलुकको पैसा नेपालमा चल्दैन । नेपाल राष्ट्र बैंकले ती देशका मुद्राको सटही दर राखेको छैन । त्यसकारण लुम्बिनीमै भेटी र दानबापत संकलन भएको भनिए पनि राष्ट्र बैंकले ती नोट साटिदिने गरेको छैन । लुम्बिनी विकास कोषले एकपटक आफ्ना एक भिक्षुमार्फत् नोट साट्न श्रीलंका पठाउँदा विमानस्थलमा भिक्षु नोटसहित पक्राउ परे र कोषका पदाधिकारी नै अप्ठेरोमा पर्ने अवस्था आइपऱ्यो । त्यसपछि खेर गएका नोट साट्ने त्यो उपायमा पनि विराम लाग्यो । कोषले २०५० सालदेखि अशोक-स्तम्भमा एउटा र मायादेवी मन्दिरमा दुइटा दानपेटी राखेको छ । यी दानपेटी भरिएपछि विभिन्न कार्यालयका प्रतिनिधिको रोहवरमा खोलेर पैसा गन्ती गरी राख्ने गरिएको छ । दुरूपयोग रोक्न सीसीटिभी राखेरै दानपेटी खोल्ने र गिन्ती गरेर थन्क्याउने गरिएको छ । तर सुरक्षाका साथ संकलन गरिएको र थन्क्याएको त्यो पैसा किरा लागेर तथा सडेर जाने अवस्थामा पुगेको छ ।

सबैभन्दा धेरै श्रीलंकाली मुद्रा "रूपी" दानपेटीमा जम्मा हुने गरेको छ । त्यसकारण कोषले एकचोटि नेपालस्थित श्रीलंकाली राजदूतलाई नोट साट्न सहयोग गर्न अनुरोध पनि नगरेको होइन । राजदूतले पनि पैसा साट्न पहल गर्ने आश्वासन दिएका थिए तर त्यो आश्वासनले काम गरेको छैन । विदेशी राजदूतले अनौपचारिक रूपमा दिएको आश्वासनमा भर पर्नेभन्दा पनि सरकारले यसरी जम्मा भएको दानभेटीलाई सदुपयोग गर्ने उपाय आफैले सुझाउनुपर्छ । सरकारले आफ्नो स्तरबाट कूटनीतिक पहल गरी यो पैसा साट्ने विधि पहिल्याउनु एकातिर आवश्यक छ भने अर्कोतर्फ राष्ट्र बैंकले पनि आवश्यक सहजीकरण गर्नुपर्छ ।

लुम्बिनी मात्रै होइन, विभिन्न गुम्बा मन्दिरमा संकलन हुने दानभेटीको व्यवस्थापन हाम्रा लागि ठूलो मुद्दा हो । नेपालमा नचल्ने करोडौं पैसा लुम्बिनीमा खेर गइरहेको छ भने अन्य कयौं मन्दिरमा उठेको दानभेटीको दुरूपयोग पनि त्यत्तिकै हुने गुरेको छ । त्यसकारण मठमन्दिर, गुम्बा आदि ठाउँमा संकलन हुने रकमको सही सदुपयोग र उचित व्यवस्थापन हाम्रा लागि सधैं चुनौतीको विषय बन्दै आएको छ । सरकारले लुम्बिनीमा सडेर बसेका करोडौंको पैसा सटही गरेर त्यहाँको विकास र संरक्षणमा सदुपयोग हुने वातावरण एकातिर मिलाउनु आवश्यक छ र भावी दिनमा पनि यस किसिमका समस्या नआओस् भन्नेमा सचेत हुनुपर्छ भने अर्कोतर्फ दानभेटीको उचित व्यवस्थापन र सदुपयोगको विधि पहिल्याउन जरूरी छ ।

सम्पादकीय, कान्तिपुर राष्ट्रिय दैनिक, १७ पुष, २०६९

# 'जीवन यात्रामा पाएका अनुभव'

✍ **गौतम 'शिशिर', श्रीघः विहार**



जीवन एउटा यात्रा हो । यस यात्रामा थरी थरीको अनुभव हुनु स्वाभाविक हो । हामी मानिसहरू एउटै ठाउँमा बसिरहँदा मानिस बौद्धिक रूपले कुँजो बन्दछ । यसपाली मलाई धम्मयात्रा गर्ने अवसर जुऱ्यो । मिलनसार आत्मीय साथी लामा प्रेमकुमार आलेमगर (वापा), जो नेपाल मगर बौद्ध सेवा समाजका केन्द्रीय सदस्य पनि हो । उहाँसँग म बुद्धधर्म प्रचारप्रसार गर्ने रहर बोकेर फुन्चोलिङ्ग, भुटानको सीमासम्म पुगेँ । मगर समाजमा बुद्धशिक्षालाई व्यवहारिक रूपमा प्रचारप्रसार गर्ने उद्देश्यले श्रद्धा र चासोलाई मध्यनजर गरी जानकारी लिने हेतुले हामी दुईजनाको भ्रमण संस्मरणलाई प्रस्तुत गर्ने जमर्को गरेको छु ।

गत मंसिर २० गते भापा दमकमा शान्तिको कामना गर्दै बुद्धपूजा गऱ्यौं, २२ गते लेटाङ मगर गाउँमा बुद्धधर्मको संस्कार पहिचान बुद्धको शिक्षाको बारेमा जानकारी लियौं । २३ गते भापा माइधार यशोधरा विहारमा नेपाल मगर बौद्ध सेवा समाजको लागि बुद्धशिक्षाको आवश्यकता अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो । २४ गते वेलडाँगी, भापा पुग्यौं २५ गते हामी ३ जना भयौं लामा प्रेमकुमार आलेमगर (वापा), लामा राङज्याङ पुलामी मगर र म भिक्षु गौतम "शिशिर" दमक बेलडाँगी देखी विर्तामोड, चारालो, बुधवारे, हाटप्याट चोक, वैरणे भोडा, पाथीभरा कन्याम, फिकल, तिनघरे, चौबाटो भन्ज्याङ्ग, माइखोला, तिलकेनी जिरो, इलाम बजार, धोबीधारा, विवलाटे, पुवाँखोला, नेपालटार, राँके, रकसे पौवाभन्ज्याङ्ग, कान्छी दोकान हुँदै लालीखर्क ओदानी ब्यारेक सामदिन, मुस्कान चोक बुद्धधर्मको दर्शन शान्तिको कामनाको कार्यक्रम प्रवचन धर्मदेशनाको अभियान कार्यक्रम गर्दै घुम्दैफिर्दै पाँचथर जिल्लाको सदरमुकाम फिदीमबजार पुग्यौं । वास्तवमा गायिका कविता आले मगरमार्फत् त्यहाँ पुग्ने अवसर जुऱ्यो ।

**....त्यो ठाउँमा ब्राह्मणवादीको चलखेल भएको ठाउँ रहेछ । धेरै हैन २/३ जनासँग मात्र वादविवाद पऱ्यो । त्यसबेलामा मैले सोच्न पुगेँ काठमाडौं शहरमा मिठो-मिठो खाँदै मोटाउँदै सुत्दै टिभि, ल्यापटप, मोबाइल, इन्टरनेट इत्यादि शहरको विलासीतामा रमभममा भुलेर बसेको याद आयो ।**

फिदीम बजारमा सुरेश आलेमगरको आफन्त भएको ठाउँ रहेछ । फिदीम बजारमा बुद्धधर्मको व्यवहारिक ज्ञान उपदेश बुद्धधर्मअनुसार जन्मदेखि मृत्युपर्यन्तको संस्कार जानकारी गराउने क्रममा त्यहाँका मगरहरूमा श्रद्धा उत्पन्न भयो । तर एकदुई जना मगर यसो हेर्दा साधारण खान लाउन पुगेपछि गाउँघरमा धनी साहु महाजन भन्छन् । मध्यम परिवारका पढेलेखेका जस्तो मात्र देखिने मगरको कस्तो निमको पात जस्तो बोली वचन श्रद्धा भने बुद्धधर्ममा रहेनछ । त्यसैले हामीलाई तामाङ्ग भोटेको धर्म बुद्धधर्म संस्कार हो, हामी मगरहरूको बुद्धधर्म हो भन्ने के प्रमाण छ भनी उफ्री-उफ्री नुन आगोमा पड्केको जस्तै आगोको फिल्का जस्तै गरी मगरको कर्मकाण्ड र जन्म मृत्युमा गरिने मगरको मौलिक संस्कार पहिचान हामीलाई चाहियो, भोटे-तामाङको धर्म चाहिँदैन, हामी हिन्दू हौं, यसरी मगरलाई लाद्न आएको हामीलाई मन पर्दैन भनी धेरै पटक भन्दा भिक्षु भएर सहने सिवाय कुनै विकल्प रहेन । त्यतिबेला मेरो आँखाबाट आँशु तरर् चुहियो, आफूलाई सम्हाल्नै सकिएन, आँखा रसाएको रसाएकै भयो । मगरले मगरलाई यसरी आफूले थुकेको थुक कसलाई ? आफैलाई । म ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो । मगर यस्तै रहेछ भनी सम्झेर विडम्वना लाग्यो । अरू ठाउँमा स्वागत र कार्यक्रम गर्ने सहयोग अनि मानसम्मान पायौं । त्यो ठाउँमा ब्राह्मणवादीको चलखेल भएको ठाउँ रहेछ । धेरै हैन २/३ जनासँग मात्र वादविवाद पऱ्यो । त्यसबेलामा मैले सोच्न पुगेँ काठमाडौं शहरमा मिठो-मिठो खाँदै मोटाउँदै सुत्दै टिभि, ल्यापटप, मोबाइल, इन्टरनेट इत्यादि शहरको विलासीतामा रमभममा भुलेर बसेको याद आयो ।

त्यसैबेला श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले लेख्नुभएको थेरवादी बुद्धधर्मको भविष्य नामक पुस्तकमा एउटा लेख

पढेको थिएँ, हिन्दू ब्राह्मणवादी हावी भएको ठाउँमा बुद्धधर्म टिक्न गाऱ्हो छ । त्यहि लेख पढेकोले मन शान्त भयो । हो रहेछ अझै पनि बुद्धधर्मको बारेमा ब्राह्हणवादीको रणनीति भित्रभित्र चलखेल भएको थाहा पाएँ । हजारौं मानिसमा ३ जना कागले कान लग्यो भन्दैमा आफ्नो कान नछामी कागको पछिपछि दौडिन्छ भने के गर्न सकिन्छ र ? हामीले जे जस्तो सामना सहेर भएपनि ५ दिनसम्म मगरको पहिचान मौलिक संस्कार अनि पालैपालो बुद्धधर्मको शिक्षा उपदेश प्रवचन र मगर भनेको कस्तो सोझो हुन्छ भनी आँखा खोलिदिँदै मगर संस्कार र बुद्धधर्मको उपदेश झल्काइ दियौं । यस्तै कार्यक्रम गर्दै जाँदा मैले कथिन दानमा पाएको दान पैसा पनि सिद्धियो र लामा प्रेमकुमार आले मगर (वापा) ले हातको २ तोला औंठी बन्धक राखेर यसरी कार्यक्रम गऱ्यौं, जुन कसको लागि मगर समाजको लागि, त्यो पनि पहिलो पटक गरेको अभियान नै हो ।

चाँडै लामा प्रेमकुमार आलेमगर (वापा) अमेरिका जाँदैछन्, नेपालका मगर समाजको लागि यसरी शान्तिको बाटोमा जान आँखा खोलिदिने कामप्रति मलाई गौरब लागेको छ । मगर समाजलाई शान्तिको बाटोमा डोऱ्याउनु र आगो चपाउनु उस्तै उस्तै रहेछ । त्यहाँबाट ३० मंसीरदेखि पौष १ गतेसम्म धनकुटा भेडेटार थुम्को पूर्वान्चलकै नमूना सूर्योदय शान्तिभूमि बौद्ध विहारमा आयोजित केन्द्रीय समिति मगर बौद्ध सेवा समाजको अन्तरक्रिया कार्यक्रममा १५ जिल्लाको गुरूजु (वापा भूसाल) हरू सहभागी थिए । त्यहाँ पनि हामी सहभागी भयौं । मगर समाजमा तिव्ररूपमा आएको बौद्ध धार्मिक पुनर्जागरणलाई सफल पार्न अभ्यास र अभियानको क्रममा हामी दुईजना मात्र मगरहरू भएको ठाउँमा इलाम फिक्कल पशुपतिनगरमा कार्यक्रम गर्दै पौष महिनाको शिशिर चिसो हावासँग रमाउँदै बुद्धधर्मको प्रचारप्रसारको लागि दार्जलिङ्ग हुँदै खरसाङ्गका बुद्धधर्मप्रेमी श्रद्धालु उपासक वि.वि. थापा मगरको निमन्त्रणामा त्यहाँका मगरलाई जागरण गराउन पुग्यौं र त्यहाँ पनि शान्तिको कामना गर्दै बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न भयो ।

त्यहाँबाट सिक्किम, कालेवुङ पुग्यौं, त्यहाँको कार्यक्रमलाई सफल पारी एवं एकरात बसेर त्यहाँबाट जयगाउँ हुँदै भुटानको सीमानामा पुग्यौं । त्यहाँको सुन्तला एकदम मिठो हुँदो रहेछ । फुन्चोलिङ्ग शहर घुम्दाघुम्दै भारू सिद्धियो । जयगाउँमा शान्ति राना मगर दिदीले पैसा साटिदिनुभयो, अनि खर्च गर्न पायौं । त्यहाँ सिद्धार्थ होटलमा बास बस्यौं । त्यहाँबाट भोलिपल्ट सिलगुढी पानी ट्याङ्की हुँदै नेपाल आइपुग्यौं । झापा दुर्गापुर ५ दिनसम्म बौद्ध जागरण मगर समाजमा कार्यक्रम गऱ्यौं । पौष १० गते दमक बेलडाँगी शरणार्थी शिविरमा अमेरिका तथा न्यूजिल्याण्ड जाने भुटानी मगर बुद्धधर्मका उपासकउपासिकालाई शान्तिको कामना शुभयात्रा होस् भनी बुद्धपूजा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

"भवतु सब्ब मंगलं ।"


**बुद्धको जन्मभूमि राष्ट्र नेपालमा**

**सुखशान्ति छाइरहोस् ।**

**सबै सबैमा धार्मिक चेतना विकास होस् ।**

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

ह्वनाछैं, पाको, न्यूरोड, काठमाडौं ।

फोन: ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

# सिद्धार्थको महाभिनिष्क्रमण

✍ डा. गणेश माली



उनन्तीस वर्षको भरी जवानीमा आषाढ पूर्णिमाको रातमा सिद्धार्थले चूपचाप राजदरवारको भव्य र विलासपूर्ण जीवनको साथै सुतिरहेकी पत्नी यशोधरा र छोरा राहुल तथा अन्य नाताकुटुम्बी सबैलाई त्यागी एउटा नयाँ प्रकाश नयाँ जीवन र ज्ञानको खोजमा तथा मानव मात्रको लागि दुःखबाट मुक्तिको नयाँ मार्गको खोजमा आफ्नो सांसरिक यात्रामा निस्के ।

यो सिद्धार्थको महाभिनिष्क्रमण सबै त्यागी बेघर भई ज्ञानको निमित्त निस्कनु कुनै प्रव्रज्या थिएन, जुन् एकजना ख्यातिप्राप्त गुरूको चरणमा धार्मिक जीवन विताउनको लागि लिइन्छ अथवा कुनै आफूलाई थाहा नभएको तर प्रचलित कर्ममा प्रवेश गर्न गरिन्छ । सिद्धार्थको यो त्याग नरेन्द्र (पछि विवेकानन्द) ले रामकृष्णलाई गुरू थापना गरी त्याग गरेजस्तो वा रामकृष्ण कालीको भक्तिभावमा जीवन बिताउन गरेको त्याग जस्तो थिएन । विवश भई दुःख सागरमा डुबिरहेका प्राणीहरूलाई दुःखबाट मुक्ति दिन आफ्नै मनको प्रेरणाबाट नयाँ ज्योति र प्रकाश ल्याउनको लागि गरिएको त्याग थियो ।



यसरकारण सिद्धार्थले चूपचापसँग महाभिनिष्क्रमण गर्नु अर्थपूर्ण हुन आउँछ । किनकि जव आफ्नो खोज सफल होला कि नहोला, खोजबाट के पाउने हो, आफैलाई केही थाहा थिएन, तब उनले कसरी पत्नी यशोधरा वा पिता शुद्धोदनलाई चित्त बुझाउने ? कसरी सम्झाउने कि उनी एक महत्त्वपूर्ण उपलब्धिको लागि सबकुछ छोडी जान लागेका हुन् ? यसकारण कसैलाई केही नभनी चूपचाप निस्कनु नै उनले श्रेय सम्झे ।

यो महाभिनिष्क्रमण आफ्नो पुरानो परम्परागत पारिवारिक धर्ममा सुधार गर्ने हेतुले गरिएको थिएन, किनकि राजदरवारको एक से एक देशमा विद्वानहरूलाई भेला गरी यो कार्य गर्न सकिन्थ्यो । यो त थियो एउटा नयाँ ज्योति, एउटा नयाँ जीवन पद्धति, एउटा नयाँ धर्मको खोजमा विना अवरोध लाग्नको लागि श्रमण जीवन अपनाउन बाहिर निस्कनु ।

यसरी आफैले नयाँ ज्योति तथा नयाँ मार्ग खोजी निकाल्दै दृढ अधिष्ठान गरी सिद्धार्थले गृहत्याग गरे । उनले आफैले आफ्नो सुन्दर केश काटी श्रमणको पोशाक पहिरे, उनलाई राजदरवारबाट टाढा पुऱ्याउने सारथी छन्दक र घोडा कन्थकलाई फिर्ता पठाए र एकलै आफ्नो खोजमा लागे ।

पहिलो त उनी त्यसताका नाम चलेका विद्वान्हरू- उद्दक रामपुत्र र आलार कालाम- कहाँ गई उनीहरूबाट जत्ति सिक्नु थियो सिके तर त्यतिबाट आफ्नो खोज पूरा नहुँदा आफैले खोजी गर्ने निधो गरे ।

शरीरलाई कष्ट दिए ज्ञानप्राप्त हुन्छ भन्ने त्यसबेलाको अवधारणा अनुसार उनले आफ्नो शरीर सुकाउनसम्म सुकाए, आखिर मरणान्त भएर पनि ज्ञानप्राप्त नहुँदा यो बाटो गलत रहेछ भनी जानी शरीर रक्षाको लागि स्थूल भोजन ग्रहण गर्न लागे । उनले ज्ञान पाएपछि

आफूहरूले पनि ज्ञान बाँडी लिउँला भनी उनका सेवा सुश्रुषामा लागेका पाँच भद्रवर्गीय ब्राह्मणहरूले पनि अब गौत्तम पथभ्रष्ट भयो, अब यीनबाट केही आशा गर्न सकिन्न भन्ने निधो गरी उनलाई छोडी अन्त (वाराणसी) तिर लागे ।

उनलाई वनदेवता सम्झी श्रद्धाले गृहिणी सुजाताले चढाएको खीर-भोजन गरी जब सिद्धार्थ 'कि गरी छाड्ने कि मरी छाड्ने' निधो गरी बोधिवृक्षमुनि आसनमा बसी ध्यानस्थ भए तब मारले उनलाई पथभ्रष्ट गर्न आफ्ना दलबलसहित त्यहाँ आई प्रलोभन डर त्रास धम्की दिन लागे । आखिर केही नलागी मार फर्केर गए ।

वैशाक पूर्णिमाको दिन अब निष्कंटक ज्ञान प्राप्तिको प्रयत्नमा ध्यानमा लागेका सिद्धार्थलाई त्यो ज्ञान खुल्न गयो जसको निमित्त उनले भ्रमण जीवन अपनाएका थिए । उनी दु:खबाट मुक्त, सब प्रकारका ज्ञानप्राप्त, अर्हत्सम्यक सम्बुद्ध बने ।

त्यसबेलाको संसारमा सम्यक् सम्बुद्धले प्राप्त गर्नु भएको ज्ञान, सत्य तथा चक्षु (ज्ञान-दृष्टि) निश्चयपनि कतै नदेखिएको नसुनिएको अमृतमय ज्ञान थियो, जुनलाई प्राप्त गरी उनले घोषणा गर्न सके- "आऊ हे देवताहरू र मनुष्यहरू ! खुशी मनाऊ ! अमृतको द्वार खोलियो !" यो सचमुचमा नयाँ धर्म, नयाँ मार्ग थियो पुराना परम्परागत धर्मभन्दा विलकुल भिन्न । फलस्वरूप पुराना मार्गका पक्षधरहरूले बुद्धलाई सहेनन्, हुनसम्म विरोध गरे, तर बुद्धले आफ्नो सत्य र बुद्धिको वलले उनीहरूलाई जिते र आफूले खोलेको नयाा बोधिको मार्गमा सम्मिलित गरे ।

बुद्ध स्वयंलाई पनि थाहा थियो कि उनको नयाँ ज्योति र दृष्टिलाई परम्परागत मार्गभन्दा विलकुल भिन्न हुनाले साधारण जनहरूले पचाउन मुश्किल हुन्छ । तर पनि उनको प्रवचनको अनुपम तरिका तथा तर्क र बुद्धि वलको कारण उनले बाँडेका ज्ञानामृतलाई आम जनताले पुरानो अन्धविश्वासहरू छोडी हर्षोल्लासका साथ ग्रहण गरे । बुद्धले छरेका अमृत कणहरू मध्ये जति पनि थोरै उनीहरूले ग्रहण गर्न सके, त्यति पनि उनीहरूको मात्र शान्ति र सद्भावना फैलाउन प्रशस्त थियो । बुद्धका धेरै जसो शिष्य भिक्षुहरू पनि उनको शिक्षा ग्रहण गरी अर्हत्व वने ।

आफ्नो विरोधीहरूको दिल जित्दै बोधिज्ञान बाँड्दै घुम्दै ८० वर्षको उमेरमा कुशीनगरमा बुद्धमहापरिनिर्वृत्त भए । उनको जीवन, विशेष गरी महाभिनिष्क्रमणको कथा आजसम्म पनि सबै सत्य तथा ज्ञानका अन्वेषकहरूको लागि प्रेरणाको श्रोत बनेको छ ।



**अत्तानं एव पठमं - पटिरूपे निवसये ।**

**अथञ्ञम'नुसासेय्य- न किलिसेय्य पण्डितो ।।**

*अर्थात् : आफूलाई नै पहिले उचित स्थानमा राख, अनिमात्र अरूलाई उपदेश गर, यसरी व्यवहार गर्ने पण्डितको चित्तमा क्लेश (दु:ख) भित्रिंदैन ।*

- धम्मपद, १५८

**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

# जनगणना २०६८ सम्बन्धी प्रधानमन्त्रीलाई ज्ञापन-पत्र

**सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराई,** **मितिः २०६८ पुस १५ गते**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
**सिंहदरबार, काठमाडौं ।**

## विषयः राष्ट्रिय जनगणना २०६८ को नतिजामा बौद्ध धर्मावलम्बीहरुको जनसंङख्या न्यून देखाइएको सम्बन्धमा पुनरावलोकनार्थ ध्यानाकर्षण ।

**महोदय,**

तथागत भगवान् गौतम बुद्धको जन्मभूमि नेपाल भनेर हामी सम्पूर्ण नेपालीहरूले सधैं गर्व गर्दै आइरहेका छौं । तर नेपालका शासक वर्गहरू बुद्धधर्मप्रति असहिष्णु रहँदै आएको छ । विगतको जनगणना राज्यको एक भाषा, एक धर्म र एक संस्कृतिको विभेदपूर्ण नीतिबाट प्रभावित हुँदै आएको विरोधमा हामी बौद्ध धर्मावलम्बीहरूले विभिन्न समयमा आफ्नो आवाज सशक्त रूपमा राख्दै आएको सम्माननीय प्रधानमन्त्रीमा विदितै छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले नेपाल एक संघीय, लोकतान्त्रिक, गणतन्त्र र धर्मनिरपेक्ष राज्य घोषणा गरिसकेको छ । पहिचानसहितको संघीयताको मुद्दा, समानुपातिक समावेशी नीति अहिले नयाँ नेपाल बनाउने मुख्य आधार बनेका छन् । अन्तरिम संविधानको यस भावना संस्थागत हुन नपाउँदै नेपाली जनताले गरेको ६ दशक लामो संघर्षबाट प्राप्त संविधानसभा विघटन भएर मुलुकमा राजनीतिक अन्यौल छाएको छ ।

यस अवस्थामा सार्वजनिक गरिएको राष्ट्रिय जनगणना २०६८ मा बुद्धधर्मावलम्बीहरूको जनसंङख्या न्यून मात्र देखाउनु बुद्धधर्मको विकास र विस्तारमा कार्यरत हामी बुद्धधर्मावलम्बीहरूको गम्भीर असहमति र आपत्ति रहेको सम्माननीय प्रधानमन्त्रीसमक्ष विशेष रूपमा अवगत गराउन चाहन्छौं ।

उक्त सार्वजनिक गरिएको जनगणनामा नेपाली बौद्धहरूको जनसंङख्या यसअघि २०५८ तुलनामा १०.७% ( २४,४२,५२०) बाट घटेर ९% (२३,९६,०९९) मा मात्र सीमित भएको देखाइएको छ । सयौंवर्षदेखि कायम राज्यको चरित्र एकात्मकबाट संघात्मक, बहिष्करणबाट समावेशीकरण, विभेद र थिचोमिचोबाट समानता र सामाजिक न्यायमा आधारित समाज निर्माणमा सबै एकताबद्ध र दृढ संकल्प हुनुपर्ने आजको ऐतिहासिक आवश्यकता हो । राष्ट्रिय जीवनको यस महत्त्वपूर्ण घडीमा अझै एक धर्म, एक भाषा र एक संस्कृतिको सोच, व्यवहार र प्रवृत्तिले मुलुकका अन्य भाषाभाषी, जातजाति धर्मावलम्बीहरूप्रतिको विभेदलाई निरन्तरता दिने उद्देश्यले बौद्धहरूको जनसंख्या जानाजानी न्यून देखाइएको छ । यो सही तथ्याङ्क नभई मिथ्याङ्क हो भनी हामी बौद्धहरू तीव्र असन्तुष्ट भएका छौं । यस मिथ्याङ्कलाई हामीले पुनः पहिचानविरुद्ध एकात्मक र विभेदको नीति कायम गर्ने मानसिकताको उपजका रूपमा लिएका छौं । यसले समानता र न्यायपूर्ण समाजको रूपान्तरणमा तगारो हाल्ने निश्चित नै छ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

विभिन्न बौद्ध संघसंस्था, सम्बद्ध पक्षहरूबीच विभिन्न चरणमा बैठक बसी उल्लेखनीय सुझाव संकलन गरी ज्ञापनपत्र बुझाउन आएका हौं । हाम्रो सरोकार केवल बौद्धहरूको जनसंङख्या बढाउनुपर्छ भन्ने आशय कदापि होईन, न कुनै धर्म वा धर्मावलम्बीप्रति द्वेष-घृणाको भाव जगाउन खोजेको हो । हामी सरोकारवाला बौद्ध संघसंस्थाको आशय एउटै हो, नेवार, तामाङ्ग, मगर, थारु ,गुरुङ्ग, शेर्पा, र हिमालका अन्य आदिवासी जनजाति लगायत गरी कूल जनसंख्याको ३० प्रतिशतभन्दा बढीले

बुद्धधर्म मान्दैआएको सर्न्दभमा बौद्धहरूको जनसंख्या केवल ९ प्रतिशत मात्र देखाउनु तथ्याङ्कको नाउँमा स्थापित गर्न धृष्टता गरेको पूर्णतः मिथ्याङ्क हो ।

नेपालमा जनगणना कार्य शुरु भएको एक शताब्दीयता अर्थात् यस ११ औँ जनगणना-२०६८ सम्ममा नेपालको जनसंङख्या निरन्तर बढ्दै गएको छ । तर प्रत्येक जनगणनामा बौद्धहरूको प्रतिशत घट्दै गएको छ । केही शताब्दीयता अनिकालमा परेर, महामारीको रोगमा परेर, भूकम्प आदि प्राकृतिक दुर्घटनामा परेर, बौद्धहरूको जनसंङख्या भुसुक्कै मरेको वा घटेको छैन, तर कसरी क्रमशः प्रत्येक जनगणनामा भने बौद्धहरूको संख्या प्रतिशतमा घट्दै गयो ? वास्तवमा यो तथ्याङ्क भनेर आएको मिथ्याङ्क बौद्धहरूलाई अल्पसंख्यक प्रतिशतको पासोमा बाँधेर सधैं थिचोमिचो कायम राखिराख्ने पूर्वनियोजित कदम हो, र नेपाललाई पुन हिन्दूराष्ट्र कायम गर्न नेपथ्यमा भइरहेको षडयन्त्रको एउटा कडी मात्र हो ।

बौद्ध र हिन्दूधर्मावलम्बीद्वारा गणेश पुजिन्छ । परन्तु सम्बन्धित व्यक्तिसँग सोध्दै नसोधी धर्मसम्बन्धी महलमा हिन्दू भर्ने, हिन्दू र बौद्ध एउटै हो भनेर एउटै महलमा चिन्ह राख्ने र प्रश्नको व्याख्या गर्ने सिलसिलामा गणेशलाई पूजा गर्छौ कि गर्दैनौ भनेर सोध्ने र पूजा गर्छौं भन्नासाथ हिन्दू बनाउने जस्ता कार्यले प्रत्येक जनगणनामा बौद्धहरूको जनसंङख्या घट्दै गएको धारणा जनमानसमा गहिरो रूपमा जरा गाडेको पाइएको छ । जनगणनामा धर्मसम्बन्धी महल वर्णानुक्रममा राख्दा वैज्ञानिक हुने सल्लाह सुझाव आउँदा पनि त्यसमा कुनै सुनुवाई भएन । यस अवस्थाको विश्लेषण गरी बौद्ध संघसंस्थाहरू संयुक्त रूपमा जागरण अभियान संञ्चालन गर्ने निर्णयसहित हाम्रो माग निम्नानुसार रहेको छ :-

**१.** नेपाल सरकार, राष्ट्रिय योजना आयोग सचिवालय, केन्द्रीय तथ्याङ्क विभागले २०६८ जनगणनाको नतिजालाई तत्काल पुनः गणना गरेर सबै जिल्ला र गाविसको बुद्धधर्मावलम्बीहरूको तथ्याङ्क पुनरावलोकन गरी पुनः प्रकाशित गरियोस् ।

**२.** बुद्धधर्मावलम्बीहरू, आदिवासी जनजाति, मधेशी, मुश्लीम र दलितलगायत सरोकारवालाहरूको सहभागितामूलक प्रतिनिधित्व रहने गरी एउटा स्वतन्त्र संयन्त्र निर्माण गरेर २०६८ को जनगणनाको सही नतिजालाई पुनरावोलकन गर्ने व्यवस्था गरियोस् ।

**३.** राष्ट्रिय जनगणनाको सूचना, तथ्याङ्क, देशको राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, शैक्षिक, आर्थिकजस्ता अधिकांश नीतिनिर्माण वा योजना तर्जुमा गर्नका लागि आधारभूमि हो । यस्तो आधारभूमिमा मिथ्याङ्कले मुलुकको नीति निर्माणमा गम्भीर नकारात्मक असर पर्ने भएकोले यो मिथ्याङ्क हामीलाई कदापि स्वीकार्य हुने छैन् । २०६८ जनगणनामा बौद्ध धर्मावलम्बीहरूको जनसंङख्या तथ्याङ्क होईन, अविश्वसनीय र मिथ्याङ्क हो, मिथ्याङ्क हामीलाई अमान्य हुन्छ । मिथ्याङ्क लागु गर्ने र यसको आधारमा योजना तर्जुमा गर्ने कार्य हामी बुद्धधर्मावलम्बीहरूलाई कुनै पनि हालतमा सह्य हुने छैन । २०६८ जनगणनाप्रति हाम्रो असहमति र आपत्ति बुँदाहरूलाई तत्काल सम्बोधन गरेर आन्दोलनमा उत्रिन बाध्य नपारियोस् । बौद्धहरूको करुणा, सहनशीलताको भावलाई कमजोर मानसिकताको उपजका रूपमा नलिइयोस् ।

**४.** नेपाली समाज, संस्कृतिसँग घुलन भइसकेको बुद्धधर्म र यसको साम्प्रदायिक रहित वैज्ञानिक र व्यावहारिक शिक्षाको अध्ययन-अनुसन्धान र त्यसमार्फत् समुदायको सशक्तिकरण र शान्ति स्थापनामा क्रियाशील संघसंस्थाहरूको लागि राज्यले बजेट विनियोजित गरियोस् ।

अन्तमा पहिचानसहित संघीयतामा मुलुक गए आफूले खाईपाई आएको अधिकार, राज्यसत्तामा आफ्नो हालिमुहालि गुम्ने डर, विभेद र थिचोमिचो वा एकल जातिको मात्र वर्चस्व हुने सामाजिक संरचना कायम गरी राख्ने एकाधिकारवादी मानसिकताका कारण संविधानसभा विघटन भएको पृष्ठभूमिमा अहिले पहिचानसहित संघीयता, धर्मनिरपेक्षको पक्ष र विपक्षमा सघन ढंङ्गले बहसहरू चलिरहेको छ । यस अवस्थामा पहिचानसहित संघीयता र धर्मनिरपेक्षको पक्षमा हाम्रो अभिमत राख्दै नेपाली जनताको भावना विपरीत नेपाललाई धर्मनिरपेक्ष राष्ट्र हुन नदिने देखिन र नदेखिने प्रयासको हामी घोर निन्दा गर्दछौं ।

**बोधार्थः**
**केन्द्रीय तथ्याङ्क विभाग,**
**जिल्ला प्रशासन कार्यालय, ललितपुर**

**संस्थाको छाप, सम्बन्धित प्रतिनिधिहरूको हस्ताक्षरसहित ज्ञापन-पत्र बुझाउने संघसंस्थाहरु-**

१. अखिल नेपाल भिक्षु महासंघ (ऐक्यबद्धता)
२. बौद्ध युवा कमिटी (संयोजनकर्ता)
३. युवक बौद्ध मण्डल नेपाल
४. बौद्ध विहार संघ पुल्चोक
५. ज्यापू समाज यल
६. बुद्धजयन्ती ट्रष्ट कमिटी ललितपुर
७. सुखी होतु नेपाल
८. लोटस रिसर्च सेन्टर, ख्वायबहील
९. बौद्ध न्ह्यसः लिसः कासा मूगुठी
१०. बौद्ध वक्तृत्व कला मूगुठी
११. नेपाल बौद्ध परिषद्
१२. धम्मसाकच्छा संघ, हःखा
१३. वज्राचार्य पूजाविधि समन्वय समिति
१४. युवक बौद्ध मण्डल क्वल २५
१५. शाक्यसिंह विहार, थैना
१६. श्रीसुमंङ्गल बौद्ध संघ
१७. श्री सम्यक् धर्मबोधि संघ
१८. श्री जय मनोहर महाविहार
१९. सुवर्ण बौद्ध युवा कमिटी, लुभू
२०. सुवर्णछत्रपुर विहार लुभू
२१. वेलुवनाराम विहार, ठेचो
२२. नेपाल परम्परागत बौद्धधर्म संघ

# शरण प्रभो



- राज शाक्य, ल. पु.

शरण प्रभो शरण
फ्वना सत्चित ज्ञान प्रभो
फ्वना सत्चित ज्ञान ।

चिये मफु थ्व चंचल मन
ब्यर्थ वन जीवन
माया भँवरे दुबिना च्वच्वं
क्लेशं भयबिल थ्व मन
पश्तावे जुयाच्वना म्हसिके मफया
शुद्धचित्तया गुण प्रभो
शुद्ध चित्त या गुण । शरण प्रभो ......१

छल प्रपंच दुःख व सुख
फुक्क हे मनया सृष्टि
जन्ममरणं सत्गति जुइगु
फुक्क हे मनया वृद्धि
आसक्ति त्वःता शुभकर्म यानाः
याये फैगु गुबले ध्यान प्रभो
याये फैगु गुबले ध्यान । शरण प्रभो ......२

शुद्ध मन हे पवित्र मन्दिर
शुद्ध मन हे तीर्थ
शुद्ध मन हे सम्यक दीप
शुद्ध मन हे नेत्र
याये गथे जिं चित्त विशुद्ध
जुयेत जीवनं मुक्त प्रभु
जुयते जीवनं मुक्त । शरण प्रभु ...........३

सन्दर्भ : हुलाक टिकट प्रकाशन



# भिक्षु सुर्दशन महास्थविर

✍ **प्रस्तुति : कोण्डन्य**

वि. सं. १९९५ आषाढ १७ गते (सन् १९३८ जुलाई १) का दिन ललितपुरस्थित श्री शिवदेव संस्कारित रूद्रवर्ण महाविहार, वकु बहालमा पिता न्हुच्छेराज शाक्य र माता हर्षमाया शाक्यको कोखबाट जन्मिएका भिक्षु सुदर्शन महास्थविरको न्वारानको नाम लुम्बिनीराज शाक्य (रूद्रराज : लुद्रराजः) हो । ७ जनवरी १९५० मा भारतको कुशीनगरस्थित ऊ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा थेरवाद बुद्धशासनअनुसार प्रव्रज्यादीक्षा प्राप्त गरेका श्रामणेर सुदर्शनले स्नातकोत्तर तहसम्मको शिक्षादीक्षा पूरा गरे । नेपालभाषा, साहित्यमा उल्लेखनीय योगदान दिएका भिक्षु सुदर्शनले विभिन्न शैक्षिक संघसंस्थामा आबद्ध भई धर्म-दर्शन, साहित्य, इतिहास एवं शिक्षा क्षेत्रमा योगदान दिए । नेपालभाषाविरूद्ध तत्कालीन सरकारले लगाएको बन्देजविरूद्ध विरोध गर्दा वि. सं. २०१९ सालमा ६ महिना जेल जीवन पनि भोगेका महास्थविरले त्रिभुवन विश्वविद्यालयमा नेपाली इतिहास, संस्कृत तथा पुरातत्व शिक्षण समितिको सहायक प्राध्यापक, उप-प्रध्यापक जस्ता उच्च पदमा रहेर योगदान गरे ।




बहुआयामिक, श्रृजनशील, सक्रिय एवं तीक्ष्ण बुद्धिका धनी भिक्षु सुदर्शनले बुद्धधर्मको प्रचार-प्रसारार्थ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन, विश्वधार्मिक-यात्रामा सहभागी भई आफ्नो प्रभावकारी भूमिका वहन गरे । उनले नेपाल भाषा-साहित्यमा तीन दर्जनभन्दा बढी कृति लेखन, विभिन्न धार्मिक पुस्तकहरूको अनुवाद एवं सम्पादन गरे । नेपाल भाषाको नाटक विधामा 'बालकृष्ण सम' को उपमाले चिनिने वहाँका रचनाहरू त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपालभाषाको पाठ्यक्रममा पनि समावेश गरिएको छ । भिक्षु सुदर्शनले अखिल नेपाल भिक्षु महासंघको उपाध्यक्ष, धर्मोदय सभाको अध्यक्ष जस्ता विभिन्न बौद्ध संघसंस्थासँग आबद्ध भई सक्रिय एवं सफलतापूर्वक आफ्नो जिम्मेवारीपूर्ण पदीय दायित्व पूरा गरे । नेपाली थेरवाद बुद्धशासनको प्रचार-प्रसारमा अग्रणी भूमिका निभाएका उनले कीर्तिपुरस्थित नेपालको नमूना विहार नगरमण्डप श्रीकीर्ति विहारको स्थापना, विभिन्न ऐतिहासिक विहारहरूको निर्माण तथा जिर्णोद्धार कार्यमा पनि उल्लेखनीय योगदान गरे ।

बौद्ध विद्वान, इतिहासविद्, पुरातत्वविद, बौद्ध-संस्कृतिविद्, साहित्यिकार, लुम्बिनीसम्बन्धी आधिकारिक विज्ञ, दूरदर्शी एवं प्राज्ञिक व्यक्तित्व भिक्षु सुदर्शनले "जुजु जयप्रकाश" नामक नाटकका लागि श्रेष्ठ सिरपाः (उत्कृष्ट पुरस्कार), महेन्द्र विद्याभूषण 'ख', श्री गोकुलचन्द पदक, धर्मबहादुर धाख्वा सिरपाः जस्ता पदक प्राप्त गरेका छन् । जीवनको अन्तिम समयसम्म भाषा, संस्कृति, साहित्य र धर्मको बारेमा चिन्तनशील, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यक्तित्व भिक्षु सुदर्शनको वि. सं. २०५९ साल श्रावण ५ गते (२० जुलाई २००१) का दिन हृदयघातका कारण देहावसान भयो ।

# 'बुद्ध-धर्ममा कर्म'को स्थान

✍ भिक्षु बुद्धदास, थाइलैण्ड

पश्चिमी देशका धेरैले बुद्ध-धर्मबारे पुस्तकहरू लेखेका छन् र तिनीहरूलाई लेख्नमा साह्रै मज्जा लाग्ने अध्यायचाहीँ कर्म र पुनर्जन्मको बारेमा हो। तर त्यस सम्बन्धमा तिनीहरूको व्याख्या जहिले पनि गलत हुन्छ, भ्रमपूर्ण हुन्छ। तिनीहरूले कर्मबारे लेख्दा असल कर्म असलै हुन्छ र खराब कर्म खराबै हुन्छ .......'राम्रो काम गर, राम्रै फल पाउँछौं., खराब काम गर, खराबै फल पाउँछौं' भन्छन्। यसभन्दा बढी केही भन्दैनन्। यो कुरा अन्य धर्महरूमा जस्तै नै भनिएको हुन्छ। बुद्धधर्मानुसार कर्मको अर्थ यस्तो होइन, भिन्दै छ।

पुनर्जन्मको सम्बन्धमा पनि कुरो यस्तै छ। उनीहरूको मान्यता यस्तो भेट्टिन्छ कि मानो उनीहरू आफैले त्यस व्यक्तिलाई पुनर्जन्म लिएको देखेर आएको छ। यसले बुद्धको मूल शिक्षाको अपव्याख्या गर्दछ। बुद्धको शिक्षानुसार त व्यक्ति तथा आत्माको अस्तित्व नै हुँदैन। अहिले 'म' यहीं बसिरहेको छु तर बसिरहने व्यक्ति त्यहाँ हुँदैन। व्यक्ति नै छैन भने मर्ने व्यक्ति नै हुँदैन, पुनर्जन्म लिने व्यक्ति नै हुँदैन। बुद्धले त 'व्यक्ति'को अस्तित्व नै हुँदैन भन्ने शिक्षा दिनुभएको छ। त्यसैले पुनर्जन्म भनेको अन्तर सत्यताको विषय हो र 'बुद्धधर्म' विषयक पुस्तकहरूमा ती लेखकहरूले कर्म र पुनर्जन्मबारे गलत धारणाहरू पोखेका छन्।

कर्मको विषयलाई गौर गरेर हेरिनुपर्दछ। बौद्ध दृष्टिकोणमा कर्मलाई कर्मको निरोधसँग जोडेर बताइनुपर्दछ, कर्म र कर्मफलको कुरा मात्र भनेर पुग्दैन। कर्म र कर्मफलबारे त अन्य धर्महरूमा पनि त फलाकेका छन् नि। बुद्धको शिक्षा हुनलाई त कर्मको निरोधलाई नै मध्यनजरमा राखी बताइनु वा लेखिनुपर्दछ।

**'सब्बकम्मक्खयं-पत्तो'** त्यस व्यक्तिलाई भन्दछ जसले सम्पूर्ण कर्महरूको क्षय गरिसकेको छ। बुद्धले भन्नुभयो कि राग, द्वेष र मोहको क्षय भएपछि मात्र सम्पूर्ण कर्मको निरोध हुन्छ। यो कुरा बुझ्न त्यति कठिन पनि त छैन कि क्लेशहरूको क्षय नै कर्मको क्षय हो। क्लेशहरूको कारण राग, द्वेष र मोह नै त हुन् नि! राग, द्वेष र मोहको क्षय भएको छैन भने कर्म पनि क्षय भएको हुँदैन। जब राग, द्वेष र मोहको निरोध हुन्छ, पुराना कर्मको क्षय हुन्छ र नयाँ कर्म बन्दैनन्, भविष्यका कर्म पनि बन्ने छैनन्– यसरी भूत, वर्तमान र भविष्यका कर्महरूको निरोध हुनजान्छ। कर्म सम्बन्धमा बताउँदा यसरी बताइनुपर्दछ। यसरी बताइएको कुरा नै बुद्धधर्मसम्मत हुन्छ।

तेस्रो प्रकारको कर्म पनि हुन्छ। प्रायःजसोले पहिलो र दोस्रो प्रकारको कर्मलाई मात्र कर्मको रूपमा जानिरहेका हुन्छन् र तेस्रो प्रकारको कर्म के हो जानेका हुँदैनन्। बुद्धले पहिलो प्रकारको कर्मलाई कालो वा अकुशल कर्म हो भनेर भन्नुभएको छ र दोस्रो प्रकारको कर्मलाई सेतो वा कुशल कर्म हो भनेर भन्नुभएको छ। त्यस प्रकारको कर्म पनि हुन्छ जुन कालो पनि होइन सेतो पनि होइन। त्यस प्रकारको कर्मले ती कालो र सेतो दुवै प्रकारका कर्महरूलाई समाप्त पार्दछ। यो तेस्रो प्रकारको कर्म नै त्यो साधन हो जसको सहायताले सेतो र कालो दुवै प्रकारको कर्मको इतिश्री गर्न सकिन्छ। कर्महरूको नामाकरण गर्दा बुद्धले यी शब्दहरूको चयन गर्नुहुन्छ– 'कालो कर्म', 'सेतो कर्म' र 'कालो पनि होइन, सेतो पनि होइन' जुन तेस्रो प्रकारको कर्म हो। यो नै बुद्धधर्म अनुसार बताइएको कर्म हो। भनिसकिएको छ कि राग, द्वेष र मोहको समाप्ति नै कर्मको समाप्ति हो। त्यसैले यो तेस्रो प्रकारको कर्म नै राग, द्वेष र मोहको निवारणकर्ता हो। अर्को अर्थमा यो नै आर्यअष्टाङ्गिकमार्ग हो। जब हामी आचरण र अभ्यासमा लागेर आर्यअष्टांगिकमार्गमा दत्तचित्त भई लागिरहेका हुन्छौं, हामी तेस्रो प्रकारको कर्म उब्जाइरहेका हुन्छौं। यो न त कालो नै हुन्छ न त सेतो नै। बरू यसले कालो र सेतो कर्मलाई नै नष्ट गर्दछ अर्थात यसले कुशल र अकुशलभन्दा परको लोकुत्तर अवस्थामा प्राप्त गराउँछ।

ती पश्चिमी लेखकहरूले 'कर्म र पुनर्जन्म' सम्बन्धमा लेख्दा यो तेस्रो प्रकारको कर्मको बारेमा कहिल्यै उल्लेख गरेनन्। त्यसैले उनीहरू यसबारे अनभिज्ञ र गलत छन् र उनीहरूले भनेका कुराहरू बुद्धधर्मसम्मत छैनन्। बुद्धधर्मसम्मत हुनलाई यो तेस्रो कर्मको पनि व्याख्या हुनुपर्दछ जसले भाग्य/दुर्भाग्य अर्थात् पुराना कालो र सेतो दुवै प्रकारका कर्महरूलाई निमित्यान्न पार्ने क्षमता राख्दछ।

अब म यस तेस्रो कर्मबारे केही बढी भन्न चाहन्छु। यस सम्बन्धमा बुद्धले भन्नुभएको छ- "यसबारे म स्वयं आफूले नै आफ्नै अनुभूतिद्वारा जानकारी पाएको छु।" यो तेस्रो प्रकारको कर्म जुन भिन्दै प्रकारको कर्मको रूपमा स्पष्टसित बताइएको छ, यसबारे तथागतले कुनै अन्य स्रोतबाट लिनुभएको वा सिक्नुभएको होइन। आफ्नै अनुभूतिमा उत्रेको कुरा हो र यसलाई सबैलाई मुक्त कण्ठले सिकाउनुभयो। त्यसै हामीले यसकुरालाई दृढताका साथ मनमा राख्नुपर्दछ कि यो तेस्रो प्रकारका कर्म बुद्धधर्मको सच्चा शिक्षा हो र बुद्धधर्म सम्बन्धी पुस्तकहरूमा 'कर्म र पुनर्जन्मबारे लेख्दा यसकुरालाई पनि ध्यानमा राखिनुपर्दछ। राम्रोसित अध्ययन गर्नुपर्दछ र कर्म सम्बन्धमा बुद्धधर्मसम्मत जिज्ञासा जगाउनुपर्दछ। राम्रो र नराम्रो कर्मको बारेमा त अरू धर्ममा पनि व्याख्या गर्ने गरिन्छ। बुद्धधर्ममा पनि यी दुईको स्थान छ। तर बुद्ध भन्नुहुन्छ कि असल कर्मको सम्पादन मात्रले मानसिक दुःखहरूको पूर्ण निराकरण सम्भव हुँदैन। यो यसैले कि अति अंह र जोसयुक्त भएर पनि राम्रो कर्म गरिने हुन्छ र राम्रो कर्मप्रति आसक्ति पनि जाग्न सक्तछ। अर्को शब्दमा भन्नुपर्दा, राम्रो कर्मको कारणले पनि जन्मजन्मान्तरसम्म जन्म-मरणको चक्रमा पिल्सिरहनुपर्ने गराउँछ साथै यसले सुखद् लोकको लोभ पनि देखाउँछ। यसले दुःखको निवारण गर्दैन, निर्वाणसम्म पुऱ्याउँदैन।

त्यसैले बुद्धले सर्वथा भिन्दै प्रकारको कर्मबारे देशना गर्नुभएको छ जसद्वारा अन्य प्रकारका कर्महरूको सफाचट हुन्छ र राग, द्वेष र मोहलाई निर्जरा बनाउँछ। यही तेस्रो प्रकारको कर्मको सहायताले निर्वाणको पनि साक्षात्कार गर्न सकिन्छ।

.-अनु. दोलेन्द्ररत्न शाक्य

पालित्रिपिटक अनुवादमाला महापरिनिर्वाण-सूत्र

# बुद्धको अन्तिम यात्रा विवरण-१४

✍ अनु. दुण्डबहादुर वज्राचार्य



भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथ-साथै सहम्पति ब्रह्माले यो गाथा प्रकट गरे–

"लोकका सबै प्राणीहरूले एकन एकदिन छाडेर जानेछन्, जहाँ कि लोकका अद्वितीय शास्ता दशविधज्ञान-बल प्राप्त तथागत सम्बुद्ध जस्ता पनि परिनिर्वाण हुनुभयो ।"

भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथ-साथै शक्र देवेन्द्रले यो गाथा प्रकट गरे–

"अनिच्चा वत सङ्खारा, उप्पादवय धम्मिनो ।

उप्पज्जित्वा निरुज्झन्ति, तेसं वूपसमो सुखो'ति ॥"

"सबै संस्कारहरू अनित्य हुन्, उत्पन्न हुनु र विनाश हुनु– स्वभावधर्म हुन्, उत्पन्न भई निरुद्ध हुन्छन्, ती संस्कारहरूको उपशान्त हुनु नै सुख हो ।"

भगवान्को परिनिर्वाणको साथ-साथै आयुष्मान् अनुरुद्धले यी गाथाहरू प्रकट गर्नुभयो–

"नाहु अस्सासपस्सासो, ठितचित्तस्स तादिनो ।

अनेजो सन्तिमारब्भ, चक्खुमा परिनिब्बुतो ॥

"असल्लीनेन चित्तेन, वेदर्न अज्झवासयि ।

पज्जोतस्सेव निब्बानं, विमोक्खो चेतसो अहू'ति ॥"

"स्थितचित्त तथा अचल हुनुभएका *(तथागत)* को आश्वासप्रश्वास भएन, तृष्णारूपी रजबाट मुक्तभई अनेज *( निर्मल)* हुनुभएका चक्षुमान् शान्तिको कारण परिनिर्वाण हुनुभयो ।"

"निर्लिप्त प्रफुल्ल चित्तद्वारा वेदनालाई अधिवासन गर्नुभयो, प्रद्योत निभ्नेझैं चित्त पनि विमुक्त भयो ।"

भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथ-साथै आयुष्मान् आनन्दले यो गाथा प्रकट गरे –

"तदासि यं 'सनकं, तदासि लोमहंसनं ।

सब्बाकारव रूपेता, सम्बुद्ध परिनिब्बुते'ति ॥"

"सबै प्रकारले श्रेष्ठतामा पुग्नुभएका सम्बुद्ध परिनिर्वाण भएको बेलामा रोमाञ्चित भएको थियो, लोमहर्षण भएको थियो ।"

भगवान्को परिनिर्वाण हुनासाथै अवीतरागी भिक्षुहरू दुवै हातले बाहु समातेर रोइरहेका थिए । काटेको रुख ढलेझैं जमिनमा लडेर यताउति लडेर विलाप गरिरहेका थिए– 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुनुभयो । परन्तु जो ती भिक्षुहरू वीतरागका थिए उनीहरूले स्मृतिसम्प्रजन्य राखी *(धैर्य धारण गरी)* सहन गरिरहेका थिए– 'संस्कार अनित्य छ, अतः कसरी सधैं पाउन सकिएला ?'

अनि आयुष्मान् अनुरुद्धले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो– "भैगो, आवुसो ! शोक नगर, नरोओ । आवुसो ! भगवान्ले पहिले नै भन्नुभएको थियो– सबै प्रिय मनापसित बिछोड हुनुपर्छ, छोड्नुपर्छ, सधैं कहिले सँगै बस्न पाउँला ? जति पनि उत्पन्न *(जन्मेका)* छन्, त्यी सबै भूत संस्कारका हुन्, ती सबै नाशवान हुन् । हाय् ! त्यो नाश नहोस यो कुरो सम्भव छैन । आवुसो ! *(भगवान्को परिनिर्वाण हुनाले यस बेला)* देवताहरू पनि विलाप गर्दैछन् ।

"आवुसो आनन्द ! पृथ्वी संज्ञी देवताहरू आकाशमा आ-आफ्ना केश फिंजारेर रोइरहेका छन् । दुवै हातले बाहु समातेर रोइरहेका छन् । काटेको रुख ढलेझैं जमिनमा लडेर बसिरहेका छन् । यता उति लडेर गुडेर भनीरहेका छन्– 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् लोकबाट अन्तर्धान हुनुभयो । आबुसो आनन्द ! पृथ्वी संज्ञी देवताहरू पृथ्वी *(जमीन)* मा आ-आफ्ना केश छाडी रोइरहेका छन् । दुवै हातले बाहु समातेर रोइरहेका छन् । काटेको रुख ढले झैं जमिनमा लडेर बसिरहेका छन् । यताउति लडेर, गुडेर भनीरहेका छन्– 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् लोकबाट अन्तर्धान हुनुभयो ।' 'परन्तु जो ती देवताहरू वीतरागका छन् उनीहरूले स्मृति सम्प्रजन्य राखी सहन गरिराखेका छन्– सङ्खार *(संस्कार)* अनित्य छ, अतः कसरी सधैं पाउनु सकिएला ?' आयुष्मान्

अनुरुद्धले र आयुष्मान् आनन्दले अवशिष्ट रात्रिपर्यन्त *(बाँकी रात भर)* धार्मिक कथा सुनाउँदै बिताउनुभयो ।

अनि आयुष्मान् अनुरुद्धले आयुष्मान् आनन्दलाई यस्तो भने– जाऊ, आवुसो आनन्द ! कुसीनारामा गई कुसीनाराका मल्लहरूलाई खबर गर– "वाशिष्ठ हो ! भगवान् परिनिर्वाण हुनुभयो । अब जस्तो उचित सम्झ समय हेरी गर ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले आयुष्मान् अनुरुद्धलाई प्रत्युत्तर दिएर पूर्वाण्ह समय चीवर पहिरी पात्र चीवर धारण गरी अर्को एकजना भिक्षु साथ कुसीनारामा प्रवेश गर्नुभयो । त्यस बेला कुसीनारावासी मल्लहरू केही *(विशेष अर्थात् त्यही)* कामले संस्थागारमा एकत्रित भईरहेका थिए । अनि आयुष्मान् आनन्द जहाँ कुसीनाराको मल्लहरूको संस्थागार हो, त्यहाँ जानुभयो । त्यहाँ जानुभई कुसीनारावासी मल्लहरूलाई यसो भन्नुभयो– "वाशिष्ठ हो ! भगवान् परिनिर्वाण हुनुभयो । अब जस्तो उचित सम्झ समय हेरी गर । आयुष्मान् आनन्दको कुरा सुनी मल्लहरू, मल्लपुत्रहरू, मल्लवधूहरू, मल्लप्रजापतिहरू दुःखित दुर्मना, दुःख समर्पित-चित्त राखी कोही कोही त केश छाडी रोइ रहेका थिए । दुवै हातले बाहु समातेर रोइरहेका थिए । काटेको रुख ढलेझैं जमिनमा लडेर यताउति लडेर, गुडेर विलाप गरिरहेका थिए– 'यति चाँडै भगवान् परिनिर्वाण हुनु भयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुनुभयो ।'

**बुद्धको शरीर पूजा** : अनि कुसीनाराका मल्लहरूले *(केही)* मानिसहरूलाई काम अऱ्हाए– 'भणे ! जाऔ, कुसीनाराका सबै सुगन्ध, माला तथा बाजाहरू जम्मा गर ।' अनि कुसीनाराका मल्लहरूले सुगन्ध, माला, सबै प्रकारका बाजाहरू तथा ५०० थान दोसल्ला वस्त्र लिएर जहाँ मल्लहरूको उपवत्तन शालवन हो, जहाँ भगवान्को शरीर राखिएका छ, त्यहाँ गए । त्यहाँ पुगेपछि उनीहरूले भगवान्को शरीरलाई नृत्य, गीत वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै, पूजा गर्दै *(रंगी विरंगी कपडाको)* चँदुवा बनाउँदै, मण्डल बनाउँदै पूरा दिनभर बिताए ।

अनि कुसीनाराका मल्लहरूलाई यस्तो भयो– 'भगवान्को शरीर दाह संस्कार गर्नलाई आज धेरै नै अबेर भयो । अब भोलि *(मात्र)* हामी भगवान्को शरीर दाह संस्कार गर्नेछौं । अनि कुसीनाराका मल्लहरूले भगवान्का शरीरलाई नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै पूजा गर्दै, चँदुवां बनाउँदै, मण्डप बनाउँदै, दोस्रो दिन पनि बिताए । … तेस्रो दिन पनि … । … चौथो दिन पनि … । … पाँचौं दिन पनि … । छैठौं दिन पनि बिताए ।'

त्यसपछि सातौं दिन कुसीनाराका मल्लहरूलाई यस्तो भयो– 'हामी भगवान्को शरीरलाई नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै पूजा गर्दै नगरको दक्षिणको दिशाको बाहिरै बाहिरबाट लगेर नगरको दक्षिण दिशामै भगवान्को शरीर दाह-संस्कार गरौं ।'

अनि मल्लहरूका आठजना प्रमुख मल्लहरू शिर नुहाई नयाँ वस्त्र लाएर भगवान्को शरीरलाई उठाउन खोजे *(परन्तु)* उनीहरूले उठाउन सकेन । अनि कुसीनाराका मल्लहरूले आयुष्मान् अनुरुद्धलाई भने– "भन्ते अनुरुद्ध ! के कारण र के प्रत्यय होला जसले गर्दा हामी आठ प्रमुख मल्लहरूले भगवान्को शरीर उठाउन खोज्दा उठाउन नसकेको ?"

"वाशिष्ठ हो ! तपाईंहरूको विचार अर्कै छ, देवताहरूको विचार *(अभिप्राय)* अर्कै छ ।"

"भन्ते ! देवताहरूको के विचार छ ?"

"वाशिष्ठ हो ! तपाईंहरूका विचार हो– हामी भगवान्को शरीरलाई नृत्य … पूजा गर्दै नगरको दक्षिण दिशाको बाहिरै बाहिरबाट लगेर नगरको दक्षिण दिशामै भगवान्को शरीर संस्कार गर्ने *(भन्ने हो)* । देवताहरूको विचार हो– हामी भगवान्को शरीरलाई दिव्य नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै, पूजा गर्दै नगरको उत्तर दिशाबाट उत्तर लगेर उत्तरद्वारबाट … प्रवेश गराई नगरको मध्य भागमा लगेर पूर्वद्वारबाट बाहिर लगेर नगरको पूर्व दिशातिर *(जहाँ)* मुकुटबन्धन भन्ने मल्लहरूको चेतिय हो त्यहाँ भगवान्को शरीर दाह संस्कार गरौं *(भन्ने रहेको छ)* ।"

"भन्ते ! त्यस्तो भए जस्तो देवताहरूको विचार *(अभिप्राय)* हो त्यस्तै होस् ।"

त्यसबेला कुसीनारामा घुँडा सम्म मन्दार *(पारिजात)* पुष्प वृद्धि भयो । अनि देवताहरू र कुसीनाराका मल्लहरूले भगवान्को शरीरलाई दिव्य नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै गौरव राख्दै, मान राख्दै, पूजा गर्दै नगरको उत्तर दिशाबाट उत्तर लगेर उत्तरद्वारबाट … प्रवेश गराई नगरको मध्य भागमा लगेर पूर्वद्वारबाट बाहिर लगेर नगरको पूर्व दिशातिर *(जहाँ)* मुकुटबन्धन भने मल्लहरूको चेतिय हो त्यहाँ भगवान्को शरीर ल्याएर राखे ।

अनि कुसीनाराका मल्लहरूले आयुष्मान् आनन्दसँग सोधे– "भन्ते आनन्द ! हामीले तथागतको शरीरलाई के गर्नुपर्छ ?"

"वाशिष्ट हो ! जस्तो चक्रवर्ती राजाको शरीरलाई गर्नु पर्ने हो त्यस्तै नै तथागतको शरीरलाई पनि गर्नु पर्छ।"

"भन्ते ! चक्रवर्ती राजाको शरीरलाई कसरी गर्नुपर्छ ?"

"वाशिष्ठ हो ! चक्रवर्ती राजाको शरीरलाई नयाँ वस्त्रले वेर्नँ पर्छ। त्यसपछि राम्ररी धुलाइ गरिराखेको रुवा कपास राखेर फेरि नयाँ वस्त्रले बेर्नुपर्छ। यसरी रुवा-कपास र नयाँ बस्त्रले पाँचसय पटक बेरेर चक्रवर्ती राजाको शरीरलाई तेल भरिएको सुवर्ण द्रोणीमा राखी अर्को सुवर्ण *(फलाम)* को खाली द्रोणीले छोपी सबै चन्दन आदि सुगन्धित काष्ठादि दाउराको चिता बनाई चक्रवर्ती राजाको शरीरलाई जलाइन्छ। चतुमहापथ *(ठूलठूला चौबाटो)* मा चक्रवर्ती राजाको स्तूप बनाइन्छ। वाशिष्ठ हो ! जसरी चक्रवर्ती राजाको शरीर-क्रिया गरिने हो त्यसरी नै तथागतको शरीर-क्रिया गर्नुपर्छ। चतुमहापथमा तथागतको स्तूप बनाउनुपर्छ। त्यहाँ जो कोहीले माला, गन्ध, चूर्ण चढाउँछ अथवा चित्त प्रसन्न पार्छ उसको निमित्त दीर्घकाल सम्म हित सुख हुन्छ।"

अनि कुसीनाराका मल्लहरूले मानिसहरूलाई काम अऱ्हाए– "जाओ, भणे ! राम्ररी धुलाइ गरिराखेको कपास जम्मा गर। अनि कुसीनाराका मल्लहरूले भगवान्को शरीरलाई नयाँ वस्त्रले बेरे त्यसपछि राम्ररी धुलाई गरिराखेको रुवा कपास राखेर फेरि नयाँ वस्त्रले बेरे। एवं रीतले पाँचसय पटक बेरेर भगवान्को शरीरलाई तेल भरीएको सुवर्ण द्रोणीमा राखी अर्को सुवर्ण *(फलाम)* को खाली द्रोणीले छोपी सबै चन्दन आदि सुगन्धित काष्ठादि दाउराको चित्ता बनाई भगवान्को शरीरलाई चितामा राखे।"

**महाकश्यपद्वारा दर्शन** ः त्यसबखत आयुष्मान् महाकश्यप पाँचशय (५००) महान् भिक्षुहरूका साथ पावाबाट कुसीनगर जाँदैहुनुहुन्थ्यो। अनि आयुष्मान् महाकश्यप बाटाको छेउ लागी एक रुखमुनि बस्नुभयो। त्यसबखत एक आजीवक कुसीनगरबाट मन्दार फूल लिई पावा जाँदै थियो। आयुष्मान् महाकश्यपले सो आजीवकलाई टाढैबाट आइरहेको देख्नुभयो। अनि सो आजीवकलाई यसो भन्नुभयो– "आवुसो ! हाम्रा शास्तालाई जान्दछौ के ?"

क्रमशः.....

# शान्तिमार्गबाट अग्रगामी बनौं



- पुष्परत्न शाक्य
डल्लु, काठमाडौं

खोज तथ्य दुःख कहाँ छ, के हो ?  
सोच सत्य समाधान कहाँ छ, के हो ?  
दुःख अन्त्यको बाटो खोजी  
बढौं समुन्नतिको बाटो रोजी ।१।

हुँदैन उन्नति कलुषित मनको कुमार्गले ।  
रहँदैन द्वेष शान्ति मार्गमा सत्संगतले ।  
मन मस्तिष्क सफा सुन्दर नभएसम्म ।  
हुँदैन चेतनाको विकास पछिसम्म ।२।

धर्म नै नभएमा मानवताको  
विकास गर्दैन विज्ञानले ।  
अत्याचार, हिंसाबाहेक केही हुँदैन राजनीतिमा  
काम नगरे सद्भावले  
युवा ! तिमीले शान्तिको मार्ग अवलम्बन नगरे  
धरतीमा समुन्नति हुँदैन, यति सोच राखे ।३।

जाँगर र जोशको नाम हो युवा ।  
सक्रियता र सिर्जनाको पदयात्री हो युवा ।  
सही शान्ति मार्गको अन्वेषक बनी  
बढ्नु छ हरक्षेत्रमा अग्रगामी भई ।४।

# "दुर्लभ मनुष्य जीवनमै मध्यममार्ग अपनाऔं"

- धर्मनारायण महर्जन
मनमैजु-४



हे मानव हो ! आफ्नो मनलाई हलुँगो बनाउनु छ भने
राग र मोहरुपी आगो निभाउनु छ भने
कहिले काहीं आफूहरु विहारमा गई धम्मसवण गर्नुपर्छ ।

हे मानव हो ! आफूलाई तृष्णाबाट दूर भगाउनु छ भने
लोभ र क्रोधरूपी रिस निस्तेज पार्नु छ भने
मैलरुपी चित्तलाई शीलद्वारा दमन गर्नुपर्छ ।

हे कल्याणमित्र हो ! आफूलाई सत्मार्गमा डोऱ्याउनु छ भने
शील, समाधि र ज्ञानरुपी आँखा खोल्नु छ भने
काषाय वस्त्ररुपी चीवरलाई सम्मान गर्नुपर्छ ।

हे कल्याणमित्र हो ! आफूलाई त्रि-शरण गमन गराउनु छ भने
काम वितर्क भयरुपी विपाकहरु भगाउनु छ भने
स्वर्ण दरवारमा गई दान पुण्यादि कर्म गर्नुपर्छ ।

हे धर्ममित्र हो ! आफू दश पुण्यक्रियाद्वारा पारंगत हुनु छ भने
शरीर, वचन र चित्तद्वारा दश अकुसल कर्म त्याग्नु छ भने
धम्मदायादको धम्मसवण गर्न स्वर्ण दरवारमा जानुपर्छ ।

हे श्रद्धावान मित्र हो ! आफूलाई विनयशीलमा स्थापित गर्नु छ भने
पीतवस्त्र र पात्र विनाका श्रद्धावान श्रद्धालु बन्नु छ भने
मैत्री, करूणा, मुदिता, उपेक्षारुपी ब्रह्म विहारको ख्याल गर्नुपर्छ ।

हे दुलर्भ मनुष्य हो ! आफूलाई प्रव्रजित गराउनु छ भने
पुनः आफ्नो पवित्रतामाथि गर्व गराउनु छ भने
बुद्धदेवको नजरअगाडि सधैं शीर भुक्नु पर्छ ।

हे आर्यपुत्र हो ! यी यावत कुराहरु अनुशरण गर्नु छ भने
स्रोतापत्ति मार्ग हुँदै अरहत्सम्म पुग्नु छ भने
यही दुर्लभ मनुष्य जीवनमै मध्यममार्ग अपनाउनु पर्छ ।

## बाल कविता

- श्रामणेर जीवन

श्रामणेर हो यो जीवन
बुद्धशासन जगमगाउने
नियममा अटल रहन शिक्षा लिने
प्राणीप्रति मैत्रीभाव जगाउने ।

हामी हौं शीलवान श्रामणेर
दाताहरुको हातमा भरपर्ने
आदरपूर्वक भोजन सेवन गर्ने
दाताहरूलाई पवित्र क्षेत्र बुझाउने ।

श्रामणेरहरुलाई आदर गर्ने
नराम्रो काममा लाज मान्ने
मैत्रीभावना बलियो पार्ने
दण्डकर्म, लिङ्गनाशन पालन गर्ने
आमाबाबुलाई पुण्यानुमोदन गर्ने
श्रामणेर जीवनलाई माथि चढाउने ।

## छन्हु सी मानि

- : जुजुभाइ शाक्य, श्रीबाहाः

छन्हु ला झीपिं सी हे मानि
गुबले काः वइ झीसं धायेमफु
हंस मदुगु सिंग्वं छोइतिनि
नामो निसान छुं हे दइमखु ।
ज्वना वनेगु मात्र निगू दु
निगूमध्ये नं छगू जक दु
पापी धायेका वनेगु स्वया ला
ज्वना वनेगु व हे नां छगू दु ।
आःतक लाःनि हे ! मानवपिं
सयकेगु सीकेगु आःतक लाःनि
ईमदयेका पछुताये चायेवं
वइमखु व दिं गुबले न ।
भिंगु कर्म याये फयेकि
सदाचारी जुइ सयेकि
चीधंगु चित्त घानाः मखु
तःफागु चित्तय् ज्ञानगुन जायेकि ।

## सुगति कामना

नेपाल भाषा, नेपाली भाषा एवं बुद्धधर्मसम्बन्धी अंग्रजी साहित्यिक क्षेत्र विशिष्ट योगदान पुऱ्याउनुभएका व्यत्तित्व केशरलाल श्रेष्ठको गुणानुस्मरण गर्दै उहाँलाई सुगति प्राप्त होस् भनी कामना गर्दछौं ।

शोकसन्तप्त परिवारप्रति धैर्य धारणार्थ समवेदना व्यक्त गर्दछौं ।



**दि. केशर लाल श्रेष्ठ**

बुदिं : १९८३ असार ३२

मदुगु दिं : २०६९ पौष ११

**प्रार्थी**

**आनन्द कुटी विहार परिवार**

# The Ven. Bhikkhu Sudarshan Mahathera

**(A Short Biographical Sketch)**



✍ **Ven. Kondanya,** Buddha Vihar, gkondanya@gmail.com

On two special occasions did Buddha, the enlightened one, make important exhortations to the community of Bhikkhus. The first was at the verify beginning of his public ministry, when, having trained the first batch of sixty Bhikkhus on the Noble Eightfold Path, he exhorted them thus:–

"Released am I O Bhikkhus! From all bond whether human or divine, you, too, O Bhikkhu, are freed from all bonds whether human of divine. Go forth, O Bhikkhus! For the welfare and happiness of the many, out of compassion for the world, for the gain, welfare and happiness of gods and men.....Proclaim the Dhamma that is excellent in the beginning, excellent in the middle and excellent in the end, both in the spirit and in the letter. Proclaim the holy lie, altogether perfect and pure." (Vinaya, 1, 21)

The second exhortation was made just before he passed away into Mahaparinibbana at Kusinara. In fact these were his last words:

"Behold, O Bhikkhus! I exhort you, Transient are all compounded things. Work out your deliverance, with diligence!"

These two exhortation contain the main objectives of the life of a Bhikkhu-

a) To devote oneself wholeheartedly for the welfare of mankind, through Dhamma proclaimed by the Buddha.

b) To exert oneself fully, with diligence, to attain supreme enlightenment.

It may be said with confidence, that Ven. Sudarshan Mahathera has fulfilled these objectives by living thimself an exemplary, disciplined hard life for revival of Theravada Buddhism and Contributing for the development of Buddhist literature in Nepal.

Born in 1 July 1938, in a Buddhist family of Buddhist parents- Nhuccheraj Sakya and Harshamaya Sakya, as the second among three sons and a daughter, in the vicinity of an ld monastery (Vihara) Called Okubahal, In Lalitpur, Nepal, Rudraraj Sakya (as he was called before his ordination as Sharmanera Sudarshan) was brought up in an atmosphere where religious live and peace prevailed. His father passed away while the children were still very young, and his mother, a dutiful, devoted religious minded lady, and literate to some extent, used to frequent a Buddhist Vihara (Monastery) in Lalitpur called Sumangala Vihara, where Reverend Buddhaghosh Mahathera was then residing. She used to listen to his preaching and also participate in Buddha Pooja (worship of Lord Buddha) performed in the Vihara.

Young Rudraraj, who used to accompany his mother to the Vihara, often got religious orientations and lessons in Pali (language of Buddha) from Ven. Buddhaghosh. His mother also used to educate the children at home singing devotional songs and giving Buddhist admonitions.

One day, Ven. Buddhaghosh asked the young boy- "Rudraraj! What would you like to be in future?" Bhante!" replied Rudraraj, "I wish to become a Bhante (reverend monk)." Ven. Buddhaghosh would also tell Harhsmaya that it is an act to the monastery for the sake of propagation of the religion. One day, he told her. "Harshmaya, your son Rudraraj wish to become a Bhante, what do you think of it?" HarshmMaya felt it as her noble religous duty and consented to the proposal. So, in due course of time, when Rudraraj become 15 years of age, mother and son accompanied Ven. Buddhaghosh to Kusinara, India (the site where Lord Buddha passed away into Mahaparinibbana), where Ven Chandramani Mahathera was then residing Rudraraj was placed under his care and supervision. On 7 Jan 1950, Rudraraj was ordained as Sharmaner Sudarshan under the tutorship of the Mahathera.

After his ordination Sharmaner Sudarshan remained in Kusinara, and along with other areas of education, studies Buddhism and earned the title of Kovida in a few year (April 1951). When he attained 20 years of age, Bhikkhu Prajnananda Mahathera, the firs Sanghanayak, gave him higher ordination (Upasampada) of Bhikkhu (30th Nov, 1964) at Saranath, Benares, India Saranath is the place, where Lord Buddha delivered his

first sermon on the Doctrine of the Middle Way and the Noble Eightfold Path, to a group of give Bhikkhus called Panchavaddavaggiya Bhikkhus, thus rolling forth the Wheel of the Dhamma in world.

Bhikkhu Sudarshan now devoted himself seriously to higher achievement in the field of education, both in Buddhism and in other academic areas. In the meantime he was also continuing his activities in his field of Buddhism such as teaching in a Buddhist school, writing Buddhist plays in Nepal Bhasa, writing books On Buddhism and related literature, Organizing Buddhist activities in Nepal, to help revival of Theravada Buddhism attending Buddhist conferences leading pilgrimage of Buddhist Nepalese to holy places in India, renovation of old Viharas etc.

He passed S.L.C. in 1st division (Jan 1968), Intermediate in Art (Aug 1973), Bachelor of Education (B.Ed.) with merit (1975-76) and Master of Arts (M.A.) in Nepalese History, Culture, Archeology with 'merit' (1979-80).

Being also an enthusiastic educationist and keenly interested in the revival and expansion of Buddhism in Nepal. Bhikkhu Sudarshan started teaching in a Buddhist school named /Taksar Shila Pathasala at Palpa, Tansen, Nepal (1950). He taught in Buddhist Boarding School 'Anandakuti Vidhyapeeth, in Swayambhoo, and also worked as superintendent of the same school (1955-57, 1967-69). This school grew out as an expansion of tutoring a few students at Anandakuti Vihara in Swayambhoo. He served in editing and publishing Tripitaka in Pali, at Benares. (1954).

From 1980 onwards up to his last days, he worked hard to establish center in Tribhuvan University where Buddhist Studies would be conducted, Buddhism was introduced as a subject in the Department of Ancient History, Culture and Archeology in the University, and Diploma in Buddhist education was opened in the University where he served ass a faculty member.

Bhikkhu Sudarshan was equally devoted to the task of developing Buddhist literature in Nepal Bhasa (mother tongue of the Newar Community) and Nepal (now the National Language). He has written and published several books; which is classified and translated below.

Books by Ven. Sudarshan Mahathera
LanguageM Nepal Bhasa and Nepali

| | No. Of books |
|---|---|
| 1. Books (in Nepala Bhasa) Buddhism | 21 |
| 2. Booklets | 13 |
| 3. Edited works | 13 |
| 4. Plays (Nepala Bhasa) | 13 |
| 5. Miscellaneous works | 8 |
| 6. Books (in Nepali) | 9 |
| Total | 68 |

Ven. Sudarshan worked as co-editor of Dharmodaya (a Buddhist monthly, 1953-58). His books, palys in Nepal Bhasa- Bmbapali 1959), King Jaya Prakash (1958), were published about that time. Ambapali is reported to be a masterpiece in the field of plays and drama. He was awarded Shrestha Sirapa award for his workk- King Jaya Prakash.

Ven. Sudarshan was honored with Mahendra Bhoosan (1981) and Dharma Bahadur Dhakhwa Sirapa (2002).

Some of his notable works are the following.

a) In Nepal Bhasa

- Lumbini ya kichale
- Nirvana
- Ashok Pillar in Lumbini
- Lumbin-Birth the birth place of Buddha
- Maha buddha
- Chaitya Pooja

B) In Nepali

- Buddha & Buddhist Culture
- Buddha & Buddhism
- Lumbini
- Padmapani Bodhisttva
- Significance of Nepali Viharas
- Intolerance of rulers towards Buddhsim.

Ven. Sudarshan is regarded as having both extensive and intensive knowledge about Lumbini, the birthplace of Buddha and is regarded as authority in matters of Buddhist culture and archaeology Nepal. Even up to his last days, he took great care to se that the New Mayadevi Temple at Lumbini is constructed to commemorate rightly the birth incident of Lord Buddha.

His works on Lumbin are reported as authoritative. Some his books are also prescribed in the concerned department of Tribhuvan University.

In 1962, the then Panchayat government, which was hostile to the spread and popularization of Nepal Bhasa and Buddhism in Nepal, banned broadcasting of news in Nepal Bhasa from Radio Nepal. A protest movement followed, in which Ven. Sudarshan joined and was jailed for a period of 6 months and 6 days, His struggle reminds us of the love of popularizing Buddhsim in the mother tongue of the Newar community of Nepal. In those days, he used to remark; "How can Bhikkhus remain aloof or flace away from the atrocities and injustice perpetuated in the society?"

Ven. Sudarshan Mahathera was also an able organizer, having managerial capacity par excellence of

mobilizing people for community activities. In 1965, when he was 25 year of age, he went o reside in Ganavihara, Kathmandu, and an old Vihara, which was in an utterly bad shape, where people used to throw out garbages, He was able to influence the people of the community, and succeeded in renovating the vihara to the present state. He lived for a few years in Gana vihara.

In 1975, he acquired a piece of land for constructive work in Kirtipur, in a place, which was deserted by the people, and used as a garbage disposal site. In 1976, the present Nagarmandapa Shree Kirti Vihara was already going up in that place. Recently (2000), he pleaded vehemently for the construction of a Buddhist Chaity a on top of Mayadevi Temple where Buddha was born, 2546 years ago, and resolved to fast into death, if his proposal is not accepted, In a seminar conducted by Lotus Research Center, he presented a work-paper on “The developing Theravada Buddhist Culture in Nepal”.

In 1986, he organized a mass renunciation (Pabbajja) and Bhikkhushood ceremony, even in foreign centers.

Ven. Sudarshan has traveled fa and wide to different place in the world, in curse of his Buddhis sactivities. He has attained and attended the 6th Dhamma Sangayana in Burma, 1954, (Myanmar). He actively participated in the 4th World Fellowship of Buddhist (1958), and in 11th Asian Buddhist conference (1956). He was keen to collect materials needed for his activities in Buddhism, which visiting countris aboard.

In 1964, 1969 & 1977 he led large groups of Buddhist laities (500, 560 & 550) visit to different places of Budhist interests such as Lumbini, Kushinara, Saranath, Lukhnow, Delhi, Agra, Ranchi, Ajanta, Ellora, Bodhgaya, Sarvasti, Rajgir, etc. He attended bith ceremony of Fuji-Guruji, and Asian Buddhist World Peace Conference in Lumbin (1976). He has traveled to different countries as the leader of YSWR (Youth Seminar of World Religion-1982, 1984) and Atomic Disarmament Conference (1981).

As an active Buddhist worker, Ven. Sudarshan has held, several important posts in Buddhist organizations in Nepal notably the following:

Vice-Chairman-Lumbini Development Cooperation Committee (1964)

Joint-Secretary- All Nepal Bhikkhu Association (1984)

Chairman- All Nepal Bhikkhu Association (2000)

Chairperson- Dharmodaya Sabha (1992)

Co-Rector- Nepal Bauddha Pariyatti Shiksha

Vice-Chancellor - Nepal Bhasha Academy

Vice-Chairman- Vishwa Shanti Bauddha Shikshalaya

Director- The Ananda Bhoomi (A Buddhist Monthly)

In Novermber 1975, at Nagar Mandap Kirti Vihara, the newly constructed Vihar at Kirtipur he organized an activity doing the Kathin Ceremony of the Vihara, in which devotees from the three principle cities of the valley, Kathmandu, Patan and Bhadagaun, assembled to make thread out of cotton pads, to weave cloth the cloth in saffron color, and finally to present the cloth as chivara for the Bhikkhus residing in the Vihara all in one day! It was a unique unheard of ceremony of its kind.

Ven. Sudarshan is reported to be a Bhikkhu, with creative scientific temperaments, who worked for inter caste marriage in the Newar Community. He is a Bhikkhu of multi-dimension talent: historian, anthropologist, social reformer educationist, researcher, preacher and devoted educator of Tribhuvan University. He is one of the foremost-learned Bhikkhus who worked lifelong to revive and upgrade Theravada Buddhism in Nepal.

He is a renowned writer and contributor in the development of Nepal Bhasa Literature, an unparalleled genius about Lumbin, a Bhikkhu, ful of loving kindness who always lends a helping hand to the juniors. He always helped those who sought his help. He would often remark on his small library. “These, my books are my sole property.”

Towards the end of his life he had to struggle hard with his frail health partly due to diabetes, and some other complications for which he sought to he treated in a Buddhist country, Thailand, which has advanced medical techniques. However, when Ven. Sudarshan was having rest in Kirtipur Vihara, the final end came at about 10 pm in the night of 14th July 2002 and when he suffered from heart attack. The next morning he was taken to Shahid Gangalal Heart Center, Doctor tried their best, but he breathed his last at about 2:45pm on 21 July 2000, while Bhikkus, Anagarikas, and devotees were waiting out of side CCU of the Hospital.

Thus passed away one of those rare Bhikkhus of Nepal, who worked so much as a Buddha Putra (Son of the Blessed One), to revive Buddhism in the land of the Buddha, to build up Buddhist literature in Nepal Bhasha, to set up the seeds of infrastructure to educate people in Buddhism, and above all to fulfill the wishes of his mother, that she has done a noble deed by grating in charity for the cause of Buddhism in Nepal.

*(courtesy : Buddha Jayanti Souverir-2547, Ktm, 2003 A.D.)*

# बौद्ध गतिविधि

## आनन्दकुटीमा मासिक बुद्धपूजा

१३ पुष, काठमाडौं । यःमन्हि पुन्हि-पुष पूर्णिमाका दिन आनन्दकुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । लंकाराम चैत्य परिसरमा दीप-प्रज्वलनपछि सामूहिक रूपमा लामबद्ध भइसकेपछि बुद्धपूजा सम्पन्न भयो । कार्यवाहक विहार प्रमुख भिक्षु धर्ममूर्ति महास्थविरसमक्ष पंचशील-प्रार्थना र बुद्धपूजापछि भिक्षु पियदस्सीले जीवनमा सुखशान्ति प्राप्त गर्न आध्यात्मिक अभ्यासलाई जोड दिनुपर्ने कथात्मक धर्मदेशना गर्नुभयो । उपस्थित सम्पूर्ण भिक्षु, श्रामणेर, अनागारिका तथा उपासक-उपासिकाहरूका लागि जलपान-भोजन दान गरियो ।

## बैंककमा विशाल चैत्य समुद्घाटन

पुष ७-१६ । थाईलैण्डको राजधानी बैंककको भासिचरणस्थित प्रसिद्ध वात्पक् नाम विहारमा नवनिर्मित चैत्य एक भव्य नौ दिवसीय समारोहबीच थाईलैण्डका राजकुमारीबाट समुद्घाटन गरियो । ८० मिटर अग्लो ५२ मिटर चौडाई भएको ५ तल्लासम्म माथि जानमिल्ने गरी निर्मित उक्त भव्य चैत्य हाल थाईलैण्डका उपसंघराज एवं वात्पाकनाम विहारका प्रमुख रहनुभएका भिक्षु सोम्देत् फ्रा महाराज मंगलाचार्य महास्थविरले निर्माण गर्नुभएको हो । उक्त 'ग्रेट ह्वाइट पेगोडा-महाराजमङ्गल' स्तूपको समुद्घाटन समारोहमा निमन्त्रित आनन्दकुटी विहारका कार्यवाहक प्रमुख भिक्षु धर्ममूर्ति महास्थविरसँगको भेटघाटको क्रममा उहाँ पुनः एकपटक नेपालमा आउन चाहेको र आनन्दकुटी विहार तथा आफू वर्षावास बसेको कोठा हेर्न ईच्छुक रहेको कुरा व्यक्त गर्नुभयो भने नेपाल भ्रमणका लागि नेपाली प्रतिनिधि भिक्षुहरूबाट निमन्त्रणा समेत गरिएको छ । प्रतिनिधिहरूमा भिक्षु धर्मशोभन महास्थविर, भिक्षु धर्मपाल महास्थविर, भिक्षु सुमेध महास्थविर रहेका थिए । संघनायक भिक्षु अश्वघोष महास्थविर र संघउपनायक ज्ञानपूर्णिक महास्थविरलाई निमन्त्रणा गरिएतापनि उहाँहरूको उपस्थिति थिएन । संघनायक भन्तेको सट्टामा भिक्षु संघरक्षित स्थविर जानुभएको थियो । विशेषतः नेपाली भिक्षुहरू मात्र विदेशी पाहुना भिक्षुहरूको रूपमा रहेको तथ्य महत्त्वपूर्ण रहेको छ । अन्य देशहरूबाट भने थाईलैण्डबाटै धर्मप्रचारार्थ जानुभएका थाई भिक्षुहरूलाई मात्र निमन्त्रणा गरिएको थियो । चैत्य निर्माणको लागि एक जापानी उपासिकाले आर्थिक सहयोग गर्नुभएको जानकारी प्राप्त भएको छ । चैत्यको निर्माण पुरानो र नयाँ थाई कला मिश्रित गरी आकर्षक रूपमा निर्माण गरिएको छ । थाईलैण्डका वर्तमान उपसंघराज एवं वात्पाकनाम विहारका प्रमुख भिक्षु सोम्देत् फ्रा महाराज मंगलाचार्य महास्थविरधेरै वर्षअगाडि ऐतिहासिक आनन्दकुटी विहारमा एक वर्षवास बस्नुभएको तथ्य सो चैत्यको समुदघाटनको अवसरमा प्रकाशित वहाँको फोटोसहितको जीवनी र स्मारिकामा पनि उल्लेख गरिएको छ । (-श्रोत दिनेश नकःमि)

## लेखक केशरलाल रहेनन्



११ पुष, काठमाडौं । अंग्रेजी लेखनविधामा चिरपरिचित लेखक ८६ वर्षिय केशरलाल श्रेष्ठ निधन हुनुभयो । नेपाल भाषा एवं नेपाली साहित्यिक लोक कथाविधालाई अंग्रेजी भाषामा रूपान्तरण गर्ने योगदानपूर्ण कार्यमा सिद्धहस्त दिवंगत केशरलाल श्रेष्ठले आनन्दकुटी विहारबाट प्रकाशन भएका विभिन्न अंग्रेजी पुस्तकहरूमा समेत ठूलो योगदान पुर्‍याउनुभएको थियो । उहाँको जन्म वि. सं १९६३ आषाढ ३२ गते भएको थियो ।

## धर्मोदयसभाको ११ औं सम्मेलन

२१ पुष, राजविराज । उपप्रधानमंत्री विजयकुमार गच्छेदारको प्रमुख आतिथ्य एवं धर्मोदय सभाका कार्यवाहक अध्यक्ष लक्ष्मीदास मानन्धरको सभापतित्वमा दुईदिने ११ औँ राष्ट्रिय बौद्ध सम्मेलन राजविराजको रंगाशालामा सम्पन्न भयो । सभामा लामा रिम्पोछे साङ्पा गुरू, विज्ञान, प्रविधि तथा वातावरण मंत्री केशबमान शाक्य, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा. डा. त्रिरत्न मानन्धर, सभाका महासचिव रत्नमान शाक्यलगायत उपस्थित रहेको सोही कार्यक्रमबीच सभाकै धर्मानुशासक पं. गुरूजु फणीन्द्ररत्न वज्राचार्यलाई धर्मोदय धम्मसम्मानद्वारा पुरस्कृत गरिएयो । डा.



You may Visit : www.anandabhoomi.com

सानुभाई डंगोलबाट प्रस्तत गरिएको नेपालमा बुद्धधर्म र बौद्धहरूको स्थिति विषयक कार्यपत्र बारे विपिन्द्र महर्जनले टिप्पणी गर्नुभयो । सभाका उपाध्यक्ष ईन्द्रबहादुर गुरूङ्गले पारित घोषणा-पत्र वाचन गर्नुभयो ।

यसरी नै नवनियुक्त महामहिम राजदूतले महाराजगन्जस्थित राजदूतावास कार्यकक्षमा समेत भिक्षुसंघको समुपस्थितिमा विशेष बुद्धपूजा, परित्राण-पाठ एवं आशीर्वचन प्राप्त गरेका छन् ।

## नव श्रीलंकाली राजदूतको स्वागत

९ माघ, स्वयम्भू । नेपालका लागि श्रीलंकाका नवनियुक्त महामहिम राजदूत श्री सेनेविरत्नसहित परिवारलाई ऐतिहासिक आनन्दकुटी विहारमा कार्यवाहक विहारप्रमुख भिक्षु धर्ममूर्ति महास्थविर तथा अन्य भिक्षुसंघले कार्यकाल सफलताराँग नेपाल र श्रीलंकाबीचको सम्बन्ध अफ मजबूत होस् भन्ने कामना गरी परित्राण पाठ गर्नुभई आशीर्वचन दिनुभयो । स्मरणीय छ, नेपालका लागि श्रीलंकाका नवनियुक्त महामहिम राजदूतहरूले सर्वप्रथम आनन्दकुटी विहारमा प्रवेश गरी बुद्धपूजा एवं भिक्षुसंघबाट आशीर्वचन प्राप्तिपश्चात् पदीयभार वहन गर्दै आएका छन् ।

## परियत्तिको परीक्षा १३ गतेदेखि सुरु

नेपाल बौद्ध परियत्ति शिक्षा बु. सं. २५५६ (वि. सं. २०६९) को परीक्षा माघ १३ गतेदेखि माघ १९ सम्म प्रथम चरणको कक्षा १ देखि ६ सम्म विहान ७:३०-१०.३० परीक्षा तालिका अनुसार परीक्षा हुनेछ भने माघ २० देखि फागुण ६ गतेसम्म कक्षा ७ देखि कक्षा १० सम्म अर्थात् सद्धम्मपालकदेखि कोविद अन्तिम वर्षको परीक्षा दोश्रो चरणमा परीक्षा संचालन हुँदैछ ।

नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय सहपरीक्षा नियन्त्रक भिक्षु निग्रोधले जारी गर्नुभएको विज्ञप्तिअनुसार यस वर्ष नियमिततर्फ जम्मा २०३६ जना विद्यार्थीहरू परीक्षामा सम्मिलित हुनेछन् भने प्राइभेटतर्फ १०८० जना गरी कूल ३,११६ जना विद्यार्थीहरूले परीक्षा आवेदन बुझाएका छन् ।

यसवर्ष जम्मा देशभरका ५५ वटा केन्द्रबाट परीक्षा आवेदन बुझाएका छन् । गत वर्षहरूमा झैं यसवर्ष पनि प्रारम्भिक तहको परीक्षा (१ देखि ३ सम्म) आ आफ्नै केन्द्रमा संचालन हुनेछ भने (कक्षा ४ देखि कक्षा ६ सम्म) प्रवेश तहका परीक्षा तोकिएको क्षेत्रीय परीक्षा केन्द्रमा संचालन हुने तथा कक्षा ७ देखि १० सम्मको परीक्षा, केन्द्रीय कार्यालय विश्वशान्ति विहारमा संचालन हुने नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्रेषित विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## पुण्यतिथिमा भोजन दान



२ माघ, काठमाडौं । दिवंगत संघउपनायक आचार्य भिक्षु कुमार काश्यप महास्थविरको पुण्यस्मृतिमा एक वर्षसम्म नियमित रूपमा मासिक धर्मकर्म गर्ने निर्णयअनुरूप बुद्धविहार भृकुटीमण्डपमा नेपालका संघनायक भिक्षु अश्वघोष महास्थविरसहित भिक्षुसंघ तथा धर्मकीर्ति विहारका अनागारिका संघलाई जलपान भोजन दान-पुण्यकार्य सम्पन्न गरियो । सो दिन डा. सुरेन्द्रमान शाक्य परिवारले भोजन दान सौजन्य गर्नुभएको थियो ।

## बौद्ध महिला संघको १६ औं वार्षिक सभा

१३ माघ, बुद्धविहार भृकुटीमण्डप काठमाडौं । नेपालका संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यत्व एवं अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरको सभापतित्वमा बौद्ध महिला संघ, नेपालको १६ औं वार्षिक सभा सम्पन्न भयो । अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्य, संघका सल्लाहकार आर वि. वन्द्य, अध्यक्ष डा. केशरीलक्ष्मी मानन्धरले मन्तव्य व्यक्त गर्नुभएको सो सभामा सचिव चन्द्रदेवी शाक्यबाट वार्षिक प्रतिवेदन, कोषाध्यक्ष सुश्री कमला शाक्यबाट वार्षिक आयव्यय प्रस्तुत गरिएको सो सभामा उपाध्यक्ष सुश्री वीणा कंसकारले साधुवाद व्यक्त गर्नुभयो । संघबाट परोपकार विद्यालयमा संचालन गरिरहेको नेपाल बौद्ध परियत्ति शिक्षाका गत वर्ष समुत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार प्रदान गरिएको थियो । सो विद्यालयका शिक्षिका उत्तीर्ण मदालसा सिंह सुवाललगायत विद्यार्थीहरूले अध्ययन अनुभव प्रस्तुत गर्नुभयो । धर्मोदय सभाका वरिष्ठ उपाध्यक्ष लक्ष्मीदास मानन्धर तथा बौ. म. संघका सल्लाहकार डा. वज्रराज शाक्यको समेत उपस्थित रहेको सो सभा प्राज्ञ रीना तुलाधरले संचालन गर्नुभयो ।

# जनगणनाको विरोध एवं ज्ञापन-पत्र

२८ मंसिर, ललितपुर । धर्मनिरपेक्ष राज्यलाई संस्थागत हुन नदिन राष्ट्रिय जनगणना २०६८ मा बुद्धधर्मावलम्बी जनसंङख्या न्यून देखाइएको आरोप लगाउँदै ललितपुरका बौद्ध संघसंस्थाहरूले त्यसको विरोध गरेका छन् ।

विरोधका कार्यक्रमहरू गर्न बौद्ध युवा कमिटीको संयोजकत्वमा विभिन्न केन्द्रीय तथ्याङ्क विभाग र प्रधानमन्त्री डा. बाबुराम भट्टराईयात ज्ञापनपत्र बुझाउने र दबाबमूलक कार्यक्रम स्थानीय वडा नं ६ लुखुँसीस्थित श्रीसुमंङ्गल विहारको सभाकक्षमा भएको सो कार्यक्रममा सहभागीहरूले एक भाषा, एक धर्म र एक भेष र संस्कृतिले सबै भाषाभाषीलाई दमन गर्ने पञ्चायतकालीन मानसिकताले प्रेरित भएर बौद्धहरूको जनसंङख्या न्यून देखाइएको भन्दै राष्ट्रिय जनगणनाको नतिजा तथ्याङ्क नभई मिथ्याङ्क रहेको दाबी गरेका छन् ।

सो अवसरमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष समेत रहनुभएका पूर्वमन्त्री डा. मंङ्गलसिद्धि मानन्धरले राज्यपुनः संरचनाको प्रक्रियालाई अवरुद्ध गरी पुनः एक भाषा धर्म र संस्कृति सबै भाषाभाषि जातजातिमाथि लाद्ने ध्येयले बौद्धहरूको यकिन विवरण नदिई तथ्याङ्कलाई मिथ्याङ्क बनाएको बताउनुभयो । उहाँले बौद्धहरूको विरोध हिन्दू धर्मावलम्बीप्रति लक्षित नभई राज्यसत्ताको एकात्मक सोच र प्रवृतिविरुद्ध हुनुपर्ने पनि बताउनुभयो ।

समारोहमा श्रीसुमंङ्गल विहारका प्रमुख भिक्षु पञ्ञारतनले अन्याय गर्नेभन्दा अन्याय सहने ठूलो पाप रहेको बताउँदै बौद्धहरूले शान्तपूर्ण तरिकाले दबाबमूलक कार्यक्रम गर्नुपर्ने खाँचो औंल्याउनुभयो । नेवाः देय् दबूका अध्यक्ष नरेश ताम्रकारले २०५८ सालमा धर्मोदय सभासँग सहकार्य गरेर जागरण कार्यक्रम आयोजना गरेकाले बौद्धहरूको संख्या केही वृद्दि भएको उल्लेख गर्दै यस पटक त्यस्तो सहकार्य हुन नसकेको बताउनुभयो । उहाँले आदिवासी जनजातिसँग मिलेर आन्दोलन गर्नुपर्ने सुझाव पनि दिनुभयो । नेवाः राजनीतिक अभियानका सचिव शाक्य सुरेनले जनगणनाको नतिजामा बौद्धहरूको जनसंख्यालाई लिएर तत्काल सरकारलाई ध्यानाकर्षण गर्नुपर्ने र दीर्घकालीन रुपमा जागरण कार्यक्रम आयोजना गर्नुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा बौद्ध युवा कमिटीका अध्यक्ष रविन्द्र शाक्य, सचिव सुनील महर्जन, युवक बौद्ध मण्डलका अध्यक्ष सुरेन्द्र शाक्य, बुद्धजयन्ती ट्रष्ट कमिटीका सचिव हेरारत्न शाक्य, सुखी होतु नेपालका सचिव राजु महर्जन, धम्मसाकच्छा संघका निवर्तमान अध्यक्ष चन्द्रबहादुर शाक्य, सुवर्ण बौद्ध युवा कमिटी, लोटर्स रिसर्च सेन्टर, न्ह्यसः लिसः कासा मूगुठी, वक्तृत्वकला मूगुठी, शाक्यसिंह विहार, जयमनोहर महाविहार सुबहाल, हिरण्यवर्ण महाविहार, युवक बौद्ध मण्डल क्लब २५ लगायत विभिन्न बौद्ध संघसंस्थाहरूको उपस्थित रहेको थियो । उनीहरूले जनगणनाको नतिजा आदिवासी जनजाति र बौद्धहरूको राजनीतिक शक्ति न्यून गर्ने औजार हुनसक्नेमा सचेत हुनुपर्नेमा आफनो भनाई राखे ।

बौद्ध युवा कमिटी ललितपुर हःखाको संयोजनमा ललितपुरका बौद्ध संघसंस्थाहरूले प्रधानमन्त्री डा. बाबुराम भट्टराईसमक्ष पुष १५ गते राष्ट्रिय जनगणनामा बुद्धधर्मावलम्बीहरूको तथ्याङ्क न्यून देखाएको भन्दै जनगणनाको पुनरवलोकन गर्ने मागसहित ज्ञापनपत्र बुझाएका थिए । (पृष्ठ १६ मा हेर्नुस् )

सो अवसरमा ज्ञापनपत्र बुझिलिँदै प्रधानमन्त्री डा. भट्टराईले राष्ट्रिय जनगणना लिने प्रक्रियामा त्रुटी रहेको बताउँदै बुद्धधर्मावलम्बीहरूको संख्या न्यून देखाइएको सम्बन्धमा आफूले राष्ट्रिय योजना आयोगका पदाधिकारीहरूसँग छलफल थाल्ने बताउनुभयो । पञ्चायतकालीन राज्यको एकात्मक नीतिका कारण गैर हिन्दूलाई हिन्दू बनाउने क्रम मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसक्दा रोक्न नसकेको उल्लेख गर्दै प्रधानमन्त्री डा. भट्टराईले त्यसमा जनगणनाको प्रक्रिया त्रुटीपूर्ण रहेको धारणा राख्नुभयो । आफूले गरेको शोधपत्रले पनि जनगणनाको प्रक्रिया त्रुटीपूर्ण रहेको निष्कर्ष निस्किएको उहाँको कथन थियो ।

नेपाली जनताले गरेको छ दशक लामो संघर्ष र बलिदानीबाट प्राप्त संविधान-सभा विघटन भई संक्रमणकाल लम्बिएको अहिलेको समयमा पहिचान, धर्मनिरपेक्षविरोधीहरू सल्बलाएको बताउँदै उहाँले त्यसलाई रोक्न परिवर्तनकामीहरू सचेत र संगठित हुनुपर्ने खाँचो पनि औंल्याउनुभयो । परिवर्तनलाई संस्थागत गर्न नसकेको समयमा पहिचान र धर्मनिरपेक्षधर शक्तिहरूले निरन्तर खबरदारी नगरिए आन्दोलनको उपलब्धी गुम्न सक्नेमा सबै सजग हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।



# बौद्ध संघसंस्थाहरूको सञ्जाल निर्माण हुने

२८ पुष, ललितपुर । नेवार आन्दोलनका अगुवा मल्ल के. सुन्दरले राज्यसत्तामा सबै जातजाति भाषाभाषीको समानुपातिक पहुँच सुनिश्चित गर्न संघीयता आवश्यक रहेको बताए । बौद्ध युवा कमिटी ह:खाको आयोजना र बौद्ध विहार संघ पुल्चोकको सहयोगमा पुल्चोकस्थित अक्षेयश्वर महाविहारमा आयोजना गरेको संघीयता र धर्मनिरपेक्षता विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन् ।

राष्ट्रिय जनगणनामा बौद्धहरुको सङख्या विगतको तुलनामा न्यून भएको सर्न्दभमा आयोजित सो कार्यक्रममा अगुवा मल्लले संघीयता र धर्मनिरपेक्षताको लागि बौद्धहरुले एकजुट हुनपर्ने बताउँदै उनले आफनो हकअधिकारको लागि राजनीतिमा सरोकार देखाउनुपर्ने खाँचो पनि औंल्याए । संघीयशासन प्रणालीले केन्द्रमा साझेदारी र प्रदेशमा राज्य संञ्चालन गर्न पाउने व्यवस्था भएकोले संघीयताले अल्पसंख्यकको अधिकार पनि सुनिश्चित गर्ने उनको कथन थियो । बौद्धहरु पनि नेपालको राज्यसत्ताबाट बहिष्करणमा परेको बताउँदै उनले राज्यबाट उपेक्षामा परका वर्ग, समुदायको हकअधिकार संघीयतामा सुनिश्चित हुने बताए ।

राजनीतिबाट अलग्ग राखेर केही मुट्ठीभरले मात्र शासनसत्तामा हालिमुहाली गर्न बौद्धहरुले राजनीतिमा सरोकार राख्न नुहने भ्रम समाजमा रहेकोले त्यसैलाई चिर्न सबै मिलेर लाग्न उनले आह्वान गरे । सोही अवसरमा अखिल नेपाल भिक्षुमहासंघका महासचिव भिक्षु कोण्डन्यले धर्मलाई मरेपछि स्वर्गनर्क जाने वा संकिर्ण अर्थमा बुझ्न नहुने भन्दै आफ्नो हकअधिकारको लागि संगठित भएर अघि बढनुपर्नेमा जोड दिए । राजनीतिमा चासो नराख्नुको अर्थ पानीमा बसेर गोहीलाई मतलब नगर्नुको संज्ञा दिंदै राज्य रहेसम्म राजनीति रहने तथ्यलाई बौद्धहरुले नजरअन्दाज गर्न नहुने उनको तर्क थियो । नागरिक अगुवा शाक्य सुरेनले राणाकालमा भिक्षुहरुले धर्मको माध्यमबाट सामाजिक जागरण ल्याएको र देशबाट निर्वासित हुनु परे पनि आफ्नो अभियान नछोडेको कुरा नयाँ पिंढीका भिक्षुहरुले बिर्सिंदै गएको बताउनुभयो । भिक्षुहरुको परम्परागत रूपमा पूजाआजा विहारमा मात्र सीमित रहेको उनको आरोप थियो । सो अवसरमा कमिटीका अध्यक्ष रविन्द्र शाक्यले नेपालको अन्तरिम संविधानले धर्मनिरपेक्ष राज्य घोषणा गरिसक्दा पनि राज्यको एक भाषा, एक भेष र एक धर्मको विभेदपूर्ण नीति नहटेको भन्दै त्यसविरुद्ध बौद्धहरु मिलेर काम गर्नुपर्ने बताए ।

बौद्ध युवा कमिटीको संयोजनमा भएको ललितपुरका विभिन्न बौद्ध संघसंस्थाहरुको भेलाले बुद्धधर्मावलम्बीहरुको अधिकारमुखी पैरवी गर्न, जागरण अभियान संञ्चालन गर्न, धर्मनिरपेक्ष र संघीयताको सुनिश्चितता र बुद्धधर्मलाई विकासमुखी र लोककल्याणकारीसँग जोडेर विकास गर्नेलगायत कार्य गर्न सो सञ्जाल निर्माण गरिएको हो । सञ्जाल निर्माणको गृहकार्य अघि बढाउन हालको लागि भिक्षु कोण्डन्यलाई सञ्जालको संयोजकको जिम्मेवारी प्रदान गरिएको छ ।

सो भेलामा ललितपुरका अधिकांश बौद्ध संघसंस्थालगायत अधिकारकर्मी मल्ल के सुन्दर, शाक्य सुरेन, बौद्ध विद्वान लोकबहादुर शाक्यलगायतको उपस्थिति रहेको थियो ।

